का.जि.प्र.का.द.नं. १००/०५९/६०
२९ पुस २०७९,
शुक्रबार
13 January 2023,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २०, अंक ३२८ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# कांग्रेसले खोज्यो माओवादीको साथ

पाँच दलीय गठबन्धनको साहरामा स्थानीय तहदेखि केन्द्रसम्मै पहिलो पार्टी बनेको कांग्रेस सुरुमा प्रचण्डलाई प्रधानमन्त्री बनाउन तयार नहुँदा संघदेखि प्रदेशसम्मै सत्ता बाहिर पुगेको छ । आफ्नो इच्छा बेगर प्रधानमन्त्री बनेका प्रचण्डलाई विश्वासको मत दिएर कांग्रेसले सभामुख र राष्ट्रपति जस्ता पदहरूको निर्वाचनमा माओवादी केन्द्रको साथ खोज्ने नीति अख्तियार गरेको हो ।



सभामुख र उपसभामुखको निर्वाचनमा हामी एक्लैले जित्ने अवस्था छैन । जित्ने अवस्था बनाउन अन्य दलसँग सहकार्य गर्नु आवश्यक हुन्छ । हामी सत्ता पक्ष र विपक्षमा रहेका दलहरूसँग पनि छलफल गरेर मात्रै निर्णयमा पुग्छौं ।

**बद्री पाण्डे**
**सहमहामन्त्री, कांग्रेस**



गत सोमबार आफ्नै निवास (डेरा) धुम्बाराहीमा प्रधानमन्त्री प्रचण्डसँगाको भेटमा कांग्रेस सभापति शेरबहादुर देउवा । तस्बिर : देउवा सचिवालय



राष्ट्रपति, उपराष्ट्रपतिको निर्वाचनमा देशभरका सांसदले भोट हाल्नुहुन्छ । यो सबैलाई विचार गरेर हामीले सरकारलाई विश्वासको मत दिएका हौं ।

**शेखर कोइराला**
**वरिष्ठ नेता, कांग्रेस**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ पुस ।

पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री बनाउन तयार नहुँदा संघदेखि प्रदेशसम्मै सत्ता बाहिर पुगेको नेपाली कांग्रेसले संघीय सभामुख र उपसभामुख, राष्ट्रपति र उपराष्ट्रपतिमा माओवादी केन्द्रको साथ खोजेको छ । प्रदेशमा पनि सभामुखहरुमा साथ खोजेको कांग्रेसले औपचारिक रूपमै माओवादी केन्द्रसँग संवाद गर्ने निर्णय गरेको छ ।

प्रतिनिधिसभाको सभामुखको निर्वाचन माघ ५ र उपसभामुखको निर्वाचन माघ ७ गते हुँदै छ । सभामुखको निर्वाचन तालिका माघ ३ गते सार्वजनिक हुँदैछ । सभामुख र उपसभामुखको निर्वाचनसहितको विषयमा छलफल गर्न बिहीबार कांग्रेस सभापति शेरबहादुर देउवाले पार्टीका पूर्व र वर्तमानपदाधिकारीहरुको बैठक राखेका थिए । जहाँ राष्ट्रपति र उपराष्ट्रपतिको विषयमा समेत छलफल भएको नेताहरु बताउँछन् । अवस्था अनुसार प्रदेश सभामा पनि सभामुख लिने गरी वातावरण बनाउने गरी भूमिका खेल्न सभापति देउवालाई नै पूर्व र वर्तमान पदाधिकारीहरूले अधिकार दिएका छन् ।

कांग्रेसका पदाधिकारीहरूका अनुसार प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएको कांग्रेसले माओवादीको साथ खोज्ने नीति लिने तय गरेको छ । सहमहामन्त्री बद्री पाण्डे सभामुख र उपसभामुख निर्वाचनमा दलहरूबीच छलफल गर्नेबारे पदाधिकारीबीचमा अनौपचारिक छलफल भएको बताउँछन् । बैठकपछि उनले पत्रकारहरूसँग भने, 'सभामुख र उपसभामुखको निर्वाचनमा हामी एक्लैले जित्ने अवस्था छैन । त्यसैले ती पदमा हामीले जित्ने अवस्था बनाउन अन्य दलसँग सहकार्य गर्नु आवश्यक हुन्छ । हामी सत्ता पक्ष र विपक्षमा रहेका दलहरूसँग पनि छलफल गरेरमात्रै निर्णयमा पुग्छौं ।'

पाँच दलीय गठबन्धनको साहारामा स्थानीय तहदेखि केन्द्रसम्मै पहिलो पार्टी बनेको नेपाली कांग्रेस संघदेखि सातै प्रदेशसम्म सत्ता बाहिर रहन पुगे पनि प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएको थियो । शक्ति बाँडफाँडमा असहमति जनाएपछि माओवादी केन्द्रले एमाले लगायतका दलसँग मिलेर संघीय सरकार बनाएपनि कांग्रेसले फेरि माओवादी केन्द्रकै साथ खोज्ने नीति लिएको हो ।

यही नीति अनुसार नेपाली कांग्रेसले बागमती प्रदेशमा पनि सभामुखका लागि लबिङ गरिरहेको छ । बागमती प्रदेश संसदीय दलका नेता बहादुर सिंह लामा संघीय अभ्यास अनुसार प्रदेशमा पनि सरकारलाई समर्थन दिन तयार रहेको बताउँछन् । तर, यसका लागि सभामुख आफूहरुलाई दिनुपर्ने उनको माग छ । माओवादी केन्द्रको साथ पाउने आशमा कांग्रेसका शिवराज अधिकारीले उम्मेदवारी दर्ता गरेका छन् । तर, सत्ता साझेदार दलबाट राप्रपाका भुवन पाठकको उम्मेदवारी परेको छ । नेमकिपाकी सृजना सायजुले पनि सभामुखका लागि उम्मेदवारी दर्ता गरेका छन् ।

कांग्रेस नेताहरु प्रदेश सभामुखको विषयमा सुविधा अनुसार हुने बताउँछन् । संघमा सभामुखमा सहयोग नगरे

– बाँकी पृष्ठ २ मा

लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार ।

- लागूऔषधको सेवनले मासिनको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
- लागूऔषधको उत्पादन, सञ्चाय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनत: दण्डनीय छ ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं ।
- स्वस्थ र सुखी परिवारको लागि आगूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# अख्तियारका पूर्वआयुक्त भ्रष्टाचारी ठहर

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २८ पुस ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वआयुक्त राजनारायण पाठक भ्रष्टाचारी ठहर भएका छन् । भ्रष्टाचार सम्बन्धी मुद्दा हेर्ने विशेष निकायकै पूर्वआयुक्त पाठकलाई विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल, न्यायाधीशहरू यमुना भट्टराई र बलभद्र बास्तोलाको इजलासले बिहीबार भ्रष्टाचारी ठहर गरेको हो ।



अदालतले भ्रष्टाचार निवारण ऐनअनुसार तीन वर्ष र अख्तियारको बहालवाला आयुक्त भएकाले थप तीन महिना कैद गर्ने फैसला सुनाएको हो ।

भ्रष्टाचारी ठहर गर्दै तीन वर्ष तीन महिना कैद गर्ने फैसला सुनाएको छ । कैद सजाय र ३९ लाख जरिवाना गर्ने फैसला सुनाएको हो । अदालतले भ्रष्टाचार निवारण ऐनअनुसार तीन वर्ष र अख्तियारको बहालवाला आयुक्त भएकाले थप तीन महिना कैद गर्ने फैसला सुनाएको हो ।

अदालतले नेपाल इञ्जिनीयरिङ कलेजका लम्बोदर न्यौपानेलाई पनि तीन वर्ष कैद र ३९ लाख जरिवाना गर्ने फैसला सुनाएको छ । पूर्वआयुक्त पाठकले नेपाल इञ्जिनीयरिङ कलेजको

– बाँकी पृष्ठ २ मा

# सन्दीपलाई छोड्न आदेश



भदौ ५ गते काठमाडौंको एक होटलमा नाबालिगमाथि बलात्कार गरेको आरोप लागेपछि प्रहरीले गत असोज २० गते त्रिभुवन विमानस्थलबाट लामिछानेलाई पक्राउ गरेको थियो । बिहीबार अदालतबाट २० लाख रुपैयाँ धरौटीमा रिहा गर्न आदेश भएको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २८ पुस ।

नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान सन्दीप लामिछानेलाई उच्च अदालत पाटनले धरौटीमा छोड्न आदेश दिएको छ । पूर्वकप्तान लामिछानेमाथि नाबालिगलाई बलात्कार गरेको आरोप थियो ।

उनलाई विदेश जान रोक लगाइँदै २० लाख रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिइएको उच्च अदालत पाटनले जनाएको छ । न्यायाधीश ध्रुवराज नन्द र रमेश ढकालको संयुक्त बन्द इजलासले लामिछानेलाई धरौटीमा छोड्न उच्च अदालतले दिएको हो ।

यस्तै, अदालतले उनलाई काठमाडौं उपत्यका पनि नछाड्न भनेको छ । छाड्नै पर्ने अवस्था भएमा भने जिल्ला प्रशासन

– बाँकी पृष्ठ २ मा

# संकट खेपिरहेको पाकिस्तानबाट के सिक्ने ?

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २८ पुस ।

चरम आर्थिक-राजनीतिक संकटका कारण दक्षिण एसियाली देश श्रीलंकाको सत्ता नै खतरामा परेपछि नेपालको अर्थतन्त्रबारे पनि ठूलै बहस भएको थियो । हाल, दक्षिण एसियाली मुलुक पाकिस्तान पनि चर्को आर्थिक संकट भुमरीमा परेपछि छुट्टै बहस शुरु भएको छ । पाकिस्तानको विदेशी मुद्रा सञ्चिति अहिले १ महिनालाई पनि धान्न नसक्ने अवस्थामा पुगेको छ भने राति ८ बजेपछि किनमेल केन्द्र र बजार पूर्ण रूपमा बन्द गर्ने सरकारले निर्णय गरेको छ । विदेशी मुद्रा आर्जनको प्रमुख स्रोत मानिएको विप्रषेण र पर्यटन आगमनमा न्यून भएपछि पाकिस्तान थप संकटमा परेको हो । नेपाल पनि अर्थतन्त्र संकटको त्रासबाट अझै बाहिर आउन नसकेको अर्थविद्हरु बताउँछन् ।

'यहीं स्थिती रहे नेपाल पनि श्रीलंका र पाकिस्तानको बाटोमा नजाला भन्न सकिँदैन, विदेशी लगानी आकर्षित गर्नुका साथै विदेशी विनिमय सञ्चितिमा ध्यान दिनुपर्छ' अर्थविद् डा.चन्द्रमणि अधिकारीले भने । उनले मौद्रिक नीतिले अर्थतन्त्र कस्न नसके झन् संकटमा पर्ने संकेत गरेका छन् ।

तर, अर्थमन्त्री विष्णु पौडेल भने पाकिस्तान र श्रीलंकाको जस्तो आर्थिक संकट नआउने बरु सुधार्न सकिने दाबी गर्छन् । 'अर्थतन्त्रका जानकारसँग छलफल र सहकार्य गर्दै समस्या पहिचान गर्ने र समाधान गर्ने जिम्मेवारीमा आएको छु । बिग्रँदो अर्थतन्त्रबाट चिन्तित समग्र अर्थ जगतलाई विश्वास दिलाउन चाहन्छु, सबैसँग संवादमा रहेर समस्या पहिचान गर्ने र समाधान खोज्नका निम्ति कार्यसम्पादन गर्नेछु । अर्थतन्त्रका विषयमा चिन्ता नलिन आग्रह छ । अर्थतन्त्रमा देखिएका चुनौतीलाई समाधान गर्न सकिन्छ' उनले भने । साथै उनले अर्थतन्त्रमा देखिएका राष्ट्रिय र अन्तर्राष्ट्रिय कारणहरू के-के हुन् र समाधानका लागि कस्तो कदम चाल्नुपर्छ भन्ने विषयमा अर्थतन्त्रका जानकारसँग छलफल र सहकार्य गर्दै समस्या पहिचान गर्ने र समाधान गर्ने जिम्मेवारी पूरा गर्ने दाबी समेत गरेका छन् ।

तर, छिमेकी मुलुकहरुमा एकपछि अर्को संकट आउन थालेपनि नेपाल सरकार भने अर्थतन्त्र बचाउन अझै गम्भीर नबनेको आरोप लाग्दै आएको छ । कोरोनाका कारण संकटको डिलमा पुगेको अर्थतन्त्र पर्यटकको चहलपहल र रेमिट्यान्सको वृद्धिसँगै सुधार भएपनि अझै खतरामै रहेकाले सरकार सचेत रहनुनपर्ने विज्ञको भनाइ छ । तरपनि, सरकारी काम समयमा नहुने, पूँजीगत खर्च नबढ्ने, विलासिताका सामानको आयातमा वृद्धि र विदेशी मुद्रा आयातमा मात्रै खर्च हुँदा चुनौती थप बढेको देखिन्छ ।

वैदेशिक रोजगार विशेष

# संघमा जान आकांक्षीहरुको हानाथापले उम्मेदवारहरुको अझै लागेन टुंगो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्षसहित पदाधिकारीमा निर्वाचित हुने व्यवसायीहरुको तीव्र आकांक्षाले मनोनयनको समय नजिकै आउँदासमेत व्यवसायीहरु छलफलमा नै केन्द्रित भएका छन् ।

संघ अध्यक्षका लागि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन र प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले अध्यक्षका उम्मेदवार घोषणा गरे पनि पदाधिकारीसहितका पदमा उम्मेदवार सार्वजनिक गरेका छैनन् । बिहीबार साँझसम्म एशोसिएसनका अध्यक्ष कुमुद खनाल, प्रगतिशील मञ्चका अध्यक्ष राजेन्द्र भण्डारी र संघका पूर्वद्वितीय अध्यक्ष भुवनसिं गुरुङले अध्यक्ष पदमा उम्मेदवारी घोषणा गरेका छन् । मञ्चले सदस्य पदका लागि देउमान नेम्वाङ, डिएम सुब्बा, राजेन्द्र बस्नेत, जनकराज बास्तोलाको उम्मेदवारी घोषणा गरेको छ । अन्य नाम शुक्रबार विहान टुंगो लगाउने बताएको छ ।

एशोसिएसनले नेपाल वैदेशिक रोजगार व्यवसायी एकीकृत संगठनसँग तालमेल गर्ने प्रयास जारी राखेको भएपनि बिहीबार साँझ संगठन, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च र प्रगतिशील व्यवसायी मञ्चका अगुवा व्यवसायी नयाँ बानेश्वरस्थित होटल अर्यालमा जम्मा भएका थिए । छलफलमा मञ्च नेपालले अध्यक्ष र महासचिव बाहेक अन्य पदमा साझेदारी गर्ने, गणतान्त्रिक मञ्चले पनि अध्यक्षको दावी गरेपछि छलफल लम्बिएको बताइएको छ ।

प्रगतिशील मञ्चले अध्यक्ष पछाडिको महत्वपूर्ण पद प्रथम उपाध्यक्ष गणतान्त्रिक मञ्चलाई दिएर तालमेल गर्ने प्रस्ताव गरेको स्रोतले बतायो । लोकतान्त्रिक एशोसिएसनमा

– बाँकी पृष्ठ २ मा

## राहदानी लिन अझै समस्या

**काठमाडौं/मस-** राहदानी विभागको सर्भरमा देखिएको समस्या समाधान भएपनि सेवाग्राहीलाई राहदानी पाउन अझै समस्या देखिएको छ । पुस १७ गतेदेखि सर्भरमा आएको समस्या गत शनिबार दिउँसोदेखि समाधान भएको विभागले बताएको थियो ।

तर सर्भरले पूर्णरुपमा काम नगर्दा कहिले राहदानीका लागि खिचेको फोटो त कहिले डिजिटल हस्ताक्षर गायब भएर हुने समस्याले सेवाग्राहीलाई समस्या परेको बताइएको छ । विभागमा राहदानीका लागि शुल्क बुझाएर फोटो खिचाएका

– बाँकी पृष्ठ २ मा

सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर, सेक्युरिटी गार्ड र कन्ष्ट्रक्सन
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

सुदूरपश्चिम प्रदेश

# सभामुख निर्वाचित हुन बहुमत सदस्य संख्या पुगेन

**सुदूरपश्चिम/मस-** सुदूरपश्चिम प्रदेशसभाको बिहीबार बैठकमा 'प्रदेशसभाको सभामुख पदमा निर्वाचित गरियोस्' भन्ने दुई छुट्टाछुट्टै प्रस्तावमा बहुमत सदस्य संख्या नपुग्दा अस्वीकृत भएको छ ।

प्रदेशसभा सदस्य मानबहादुर रावललाई सभामुख पदमा निर्वाचित गरियोस् भनी नेपाली कांग्रेसका मेघराज खड्काले पेस गरेको प्रस्तावमा गरिएको मत विभाजन 'हुन्न' भन्ने पक्षमा २६ मत पाउँदा 'हुन्छ' भन्ने पक्षमा २३ मत परेको थियो । उनको समर्थकमा पृथ्वीबहादुर सिंह थिए ।

यसैगरी प्रदेशसभा सदस्य भीमबहादुर भण्डारीलाई सभामुख पदमा निर्वाचित गरियोस् भनी नेकपा एमालेकी जानकी ऐर बमले राखेको अर्को प्रस्तावमा भएको मत विभाजनमा 'हुन्छ' भन्ने पक्षमा २६ र 'हुन्न' भन्ने पक्षमा २३ मत परेको थियो । उनको समर्थकमा माओवादी केन्द्रकी गीतादेवी माल थिइन् ।



मत विभाजनमा ५० जनाले भाग लिएकामा एक जनाको मत बदर भएको थियो । सभामुखमा निर्वाचित हुनका लागि २७ सदस्यको बहुमत आवश्यक पर्छ । त्रिपन्न सदस्यीय प्रदेशसभामा मत विभाजनको प्रक्रियाद्वारा सभामुखको निर्वाचन सुरु हुँदा नागरिक उन्मुक्ति पार्टीका लक्ष्मणकिशोर चौधरी र सत्तापक्ष एमालेका चक्रबहादुर मल्ल अनुपस्थित रहेका थिए ।

सभामुखको भूमिकामा रहनुभएका शिवराज भट्टले मत विभाजनमा भाग लिनु भएन । सभामुखको भूमिकामा रहनुभएका भट्टले आवश्यक बहुमत सदस्य संख्या नपुग्दा दुवै प्रस्ताव अस्वीकृत भएको सदनलाई जानकारी गराएका थिए ।

सभामुखको उम्मेदवारी दर्ता गराएका भण्डारी नेकपा (माओवादी केन्द्र)का तर्फबाट र अर्का उम्मेदवार रावल नेपाली कांग्रेसका तर्फबाट उम्मेदवार थिए । भण्डारीका पक्षमा एमाले, माओवादी केन्द्र, राप्रपा र नागरिक उन्मुक्ति पार्टीका सदस्य रहेका थिए । रावलका पक्षमा कांग्रेस, एकीकृत समाजवादी र एक जना स्वतन्त्र सदस्य थिए । प्रदेशसभामा कांग्रेसका १९, नेकपा एमालेका १०, नेकपा माओवादी केन्द्रका ११, नेकपा एकीकृत समाजवादीका चार, राप्रपाका एक र एक जना स्वतन्त्र सदस्य थिए ।

# निर्माण व्यवसायी संघ रौतहटद्वारा सरकारको ध्यानाकर्षण

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
पुस २९ रौतहट




निर्माण व्यवसायी संघ रौतहटले नदीजन्य सामग्री उत्खनन्मा देखिएको समस्याप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । संघले एक प्रेस जारी गर्दै उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थ गिट्टी, बालुवा, ढुंगा, माटोलगायतका निर्माण सामग्रीहरुको उत्खनन् ओसार पसारलगायत पछिल्लो समयमा देखिएको समस्याप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो ।

विगतमा पनि पटक-पटक नदीजन्य तथा निर्माण सामग्री उत्खनन्मा देखापर्ने समस्याले उद्योग आक्रान्त रहेको उल्लेख छ । राज्यले क्रसर उद्योगहरु निर्माण कार्यको मूख्य सिजनमा बिना पूर्व सूचना नियमन गर्दा क्रसर उद्योगहरुबाट उत्पादिक निर्माण सामग्रीहरु उत्खनन् उत्पादन र ओसारपसारमै गम्भीर समस्या आएको संघको ठहर छ । जसको कारण त्यसको प्रत्यक्ष असर राष्ट्रिय गौरवका आयोजना लगायत सम्पूर्ण निर्माण कार्यहरूमा परेको छ । सोही कारणबाट निर्माण कार्यका लागि खानी तथा नदीजन्य निर्माण सामग्रीहरूको अभाव भई निर्माण कार्यहरू ठप्प हुन पुगेको संघले जनाएको छ ।

नदी तथा खानीजन्य सामग्रीहरूको उत्पादन, उत्खनन् र संकलनका रोयल्टीको निर्धारण विभिन्न स्थानीय निकायहरूले विना मापदण्ड अनुचित रूपले फरक फरक निर्धारण गर्ने गरेको पाइएको छ । इन्धनसहित निर्माण सामग्रीमा भइरहेको अत्याधिक मूल्यवृद्धिका कारण निर्माण परियोजनाहरू अगाडि बढाउन समस्या भइरहेको वर्तमान अवस्थामा गृह मन्त्रालयबाट २०७९ पुस २० गते जारी भएको निर्देशनबाट निर्माण उद्योग लगायत आम उपभोक्तामा गम्भीर असर परेको छ ।

यसबाट विगतमा झैं काम गर्न नसकेको भनी निर्माण व्यवसायीमाथि अनर्गल आरोप लगाउने अवस्था सिर्जना हुने देखिन्छ । परियोजनास्थल र सोसँग सम्बद्ध क्षेत्रमा रहेका नदी तथा खानीजन्य निर्माण सामग्रीको परियोजनाले उपभोग गर्न प्रयोग गरिएका उपकरणहरू समेत सञ्चालन गर्न प्रतिबन्ध लगाएकोप्रति पनि संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

## गोविन्देलाई मात नियन्त्रण गर्न औषधि



**चितवन/मस-** चितवन राष्ट्रिय निकुञ्जले पश्चिम चितवन क्षेत्रमा रहेको जङ्गली हात्ती गोविन्देलाई मात नियन्त्रण गर्ने औषधिको प्रयोग गरेको छ ।

मङ्सिरमा उक्त हात्तीले मेघौली क्षेत्रमा एक वृद्धाको ज्यान लिएपछि निकुञ्जले सो हात्तीलाई मात नियन्त्रण गर्ने औषधि प्रयोग गरेको हो । निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार यही पुस ३ गतेदेखि सोही क्षेत्रमा क्यामेरा ट्यापिङ्मा रहेको निकुञ्जको प्राविधिक टोलीले हात्तीलाई मात नियन्त्रण गर्ने औषधि प्रयोग गरेको हो ।

निकुञ्जबाट बाहिर निस्किएर अन्य मानवीय क्षति गर्नसक्ने आशङ्कामा हात्तीलाई प्राविधिक टोलीले औषधि दिएको तिवारीले बताए। अहिले गोविन्दे मात चढेको अवस्थामा नरहेको उनले जानकारी दिए । पुस २० गतेसम्म बसेको सो प्राविधिक टोलीले सोही क्षेत्रमा घाइते बाघ रहेको आशंका गरेको थियो । त्यसको पहिचान र हात्तीको उचित व्यवस्थापनका लागि बाघ गणनामा प्रयोग गरिएका चार जोडी क्यामेरा प्रयोग गरिएका थिए । सोही क्रममा हात्तीलाई औषधि दिइएको हो । बाघ भने सो क्षेत्रमा नदेखिएको उनले जानकारी दिए ।

# कृषिमा रमाउँदै भुसाल

**पर्वत/रासस-** पर्वत फलेवास-३ शंकरपोखरीका मीनप्रसाद भुसालको एक दशक लामो उर्जाशील समय विदेशी भूमिमा बित्यो । श्रमिकका रूपमा दश वर्ष विदेशी भूमिमा पसिना बगाइ कमाएको पैसा भने कहिल्यै चित्त बुझ्दो भएन ।



स्वदेशमा भने जस्तो जागिर नपाइने र वैदेशिक रोजगारी पनि छाड्न नसकिने अवस्थाका बीच उनी कहिले भारत त कहिले मलेसिया र साउदी अरबका विभिन्न कम्पनीमा बिताए । तर स्वदेशमै काम गर्ने कारक भने कोरोना महामारी बन्यो ।

विसं २०७६ सालमा विश्वव्यापीरुपमा फैलिएको कोरोना महामारीअघि बिदामा घर आएका उनी त्यसपछि साउदी अरब कामका लागि फर्कन पाएनन् । महामारी रोकथामका लागि सरकारले लागू गरेको बन्दाबन्दीका कारण समयमै साउदी अरब जाने अवस्था भएन । समयमै कम्पनीमा हाजिर हुन नपाउँदा जागिर गुम्यो भने यता आफ्नै बारीमा व्यावसायिक तरकारीखेतीको बाटो खुल्यो ।

'कोरोना महामारीका कारण समयमै साउदीको कम्पनीमा जान नपाएपछि जागिर गयो', उनले भने, 'विकल्पमा मैले कृषि व्यवसाय रोजे, अहिले यसैबाट राम्रो आम्दानी भइरहेको छ ।' आफ्नै बारीमा व्यावसायिक कृषि सुरु गर्नुअघि उनले भारतमा दुई वर्ष, मलेसियामा चार वर्ष र साउदी अरबमा चार वर्ष बिताइसकेका थिए ।

४० वर्ष पुगेका भुषालको पछिल्लो समय दैनिकी तरकारी उत्पादनमै बित्ने गरेको छ । हरेक साँझ र बिहान आफ्नै तरकारी बारीमा बित्ने गरेको उनले बताए । 'बिहान उठेदेखि बेलुका अबेरसम्मको मुख्य काम तरकारी उत्पादन, स्याहार तथा बिक्री गर्दैमा बित्छ', उनले भने, 'वैदेशिक रोजगारी छाडेर तरकारीखेतीमा लागेपछि सन्तुष्टि पनि मिलेको छ ।' उनले हाल वार्षिक १२ टन तरकारी उत्पादन गर्दै आएका छन् । जसबाट मासिक ४० देखि ६० हजार रुपैयाँसम्म आम्दानी भइरहेको उनले सुनाए ।

'उर्जाशील समय विदेशमै बित्यो, स्वदेशमै पनि पैसा कमाउन सकिन्छ भन्ने चेत अहिले पलायो', उनले भने, 'दुःख गर्नसके यहीको माटोमा सुन फलाउन सकिन्छ भन्ने अहिले थाहा भयो ।' उनी कोरोनाका कारण वैदेशिक रोजगारी गुमेपछि स्थानीय आमा समूहको प्रेरणाकै कारण कृषि व्यवसायमा लागेका हुन् । पछिल्लो समय उनी कुश्मा नगरपालिका-९ साइकलचोकमा बेमौसमी तरकारी उत्पादन तथा बिक्री वितरण गर्दै आएका छन् । भुषालले यतिबेला तीन वटा प्लास्टिक टनेलमा गोलभैँडा, साग, मुला, सिमी, काउली फलाएका छन् । बेमौसमी तरकारी खेती गर्दा बजारको समस्या नहुने र राम्रो आम्दानी हुने भएकाले मुख्य गरी बेमौसमी तरकारी खेती गर्ने गरेको उनले सुनाए । उत्पादन भएको तरकारी अर्ग्यानिक भएकाले पनि एकपटक किन्ने ग्राहकले फर्किएर आउने गरेको उनको अनुभव छ । सरकारबाट युवालाई कृषि व्यवासयमा आकर्षित गर्न ठोस कार्यक्रम नहुँदा हजारौं युवाहरु श्रमका लागि विदेशी भूमिमा जान बाध्य भएको उनको भनाइ छ । 'युवा स्वरोजगार कार्यक्रम अन्तर्गत युवालाई सहुलियतमा ऋण उपलब्ध गराउने भनिएको छ तर ऋण लिन धितो राख्नुपर्ने तथा झन्झटिलो प्रक्रियाका कारण व्यवसाय सुरु गर्न समस्या छ', उनले भने, 'सरकारले सस्तो ब्याजदरमा ऋण दिने हो भने हामी जस्ता व्यवसायीलाई सहज हुने थियो ।'

युवा वर्गमा व्यवसाय गर्न उत्साह भए पनि कर्जाका लागि धितो राख्नै पर्ने व्यवस्थाले समस्या हुने गरेको भुषालको निष्कर्ष छ । 'व्यवसाय गर्न सहुलियत दरमा ऋण दिने हो भने धेरै युवालाई स्वदेशमै रोक्न सकिन्छ', उनले भने, 'यसका लागि प्रक्रिया सरल भयो भने युवाको बढ्दो विदेश पलायन रोक्न सकिन्छ ।'

# संविधानअनुसार बन्न बाँकी कानूनको अध्ययन गरिने

**काठमाडौं/मस-** संघीय संसद्अन्तर्गत राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले संविधानअनुसार बन्नुपर्ने कानून सबै बनिसकेको वा नसकेको विषयमा अध्ययन गर्ने भएको छ ।



समितिका सभापति डा.बेदुराम भुसालको सभापतित्वमा बिहीबार बसेको बैठकले संविधानअनुसार बन्न बाँकी कानूनको पहिचान गर्न सांसद विमला राई पौडेलको संयोजकत्वमा उपसमिति बनाउने निर्णय गरेको छ । समितिका सदस्यहरूमा उदयबहादुर बोहरा, नारायणदत्त मिश्र, भैरवकुमार श्रेष्ठ र सुरेशकुमार आलेमगर रहेका छन् ।

बैठकले समितिको निर्देशन कार्यान्वयनको अवस्था अध्ययन अनुगमनसम्बन्धी सांसद देवेन्द्र दाहालको संयोजकत्वमा उपसमिति बनाएको छ । उक्त उपसमितिमा अनिता देवकोटा, खिमलाल देवकाटा,गङ्गाकुमारी बेल्वासे र प्रमिला कुमारी सदस्य रहेका छन् । बैठकमा समितिको वार्षिक प्रतिवेदनमाथि सुझाव लिने कामसमेत गरिएको समितिका सचिव मनोजकुमार गिरीले जानकारी दिए ।

## खोप माग गर्दै 'गाभी' लाई पुनः पत्र

**काठमाडौं/मस-** सरकारले छिमेकी देशमा कोरोना भाइरस संक्रमण फैलिरहेको अवस्थामा अतिरिक्त मात्रा (बुस्टर डोज)का लागि थप खोपको माग गरेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले थप १५ लाख मात्रा बुस्टर डोज माग गर्दै बिहीबार पुनः 'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स' (गाभी)लाई औपचारिक रुपमा पत्र पठाएको छ ।

स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाको बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख सागर दाहालले आज १५ लाख मात्रा खोपका लागि 'गाभी' लाईपत्र पठाइएको जानकारी दिए । यसअघि पुस १४ गते पनि शाखाले बुस्टर डोजका लागि १५ लाख मात्रा खोप माग गरी पत्र पठाएको थियो ।

उक्त पत्रानुसार गाभीले आगामी माघ १९ गते १५ लाख मात्रा खोप उपलब्ध गराउने जानकारी गराइसकेको छ । 'बुस्टर डोजका लागि १५ लाख मात्रा खोपले मात्र नपुगेपछि थप १५ लाख मात्रा खोपका लागि हामीले गाभीसँग माग राखी पत्र पठाएको छौँ', उनले भने, 'गाभीले खोपबारे चाँडै नै जानकारी गराउने छ ।'

गाभीले कोभ्याक्स सुविधामार्फत नेपालले बुस्टर डोजका लागि फाइजरको बाइभ्यालेन्ट खोप ल्याउन थालिएको हो । बुस्टर डोजका लागि मात्र ३० लाख मात्रा खोप आउने छ । छिमेकीमुलुक भारत र चीनमा विएफ सात नामक प्रजातिको नयाँ भेरियन्ट फैलिन थालेपछि मन्त्रालयले बुस्टर खोप लगाउन छुटेका सबैलाई खोप लगाउन आग्रह गरेको छ ।

### कांग्रेसले...

पनि राष्ट्रपति निर्वाचनका लागि माओवादी केन्द्रसँग सहकार्यको वातावरण बनाउन चाहेको नेताहरुले बताएका छन् ।

कांग्रेसका वरिष्ठ नेता शेखर कोइराला राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनलाई विचार गरेर प्रधानमन्त्री प्रचण्डलाई आफूहरूले विश्वासको मत दिएको बताउँछन् । बिहीबार विराटनगरमा पत्रकारहरूसँग उनले भने, सभामुख, उपसभामुखको निर्वाचनबाहेकका निर्वाचनमा पनि हामी उम्मेदवारी दिन्छौं । राष्ट्रपति, उपराष्ट्रपतिको निर्वाचनमा देशभरका सांसदले भोट हाल्नुहुन्छ । यो सबैलाई विचार गरेर हामीले सरकारलाई विश्वासको मत दिएका हौं ।' संवैधानिक निकायमा शक्ति बाँडफाँटको विषयमा भने माओवादी केन्द्रसँग कुनै कुरा नभएको उनले प्रष्टीकरण दिए ।

### अख्तियारका...

जग्गा विवादमा ७० लाखभन्दा बढी घुस लिएको आरोपमा मुद्दा दायर भएको थियो । उक्त प्रकरणबाट बच्नका लागि पाठकले आयुक्त पदबाट राजीनामा दिएका थिए । अख्तियारले राजीनामा दिएपछि पाठकमाथि अनुसन्धान गरी घुस रिसवतमा मुद्दा दायर गरेको थियो । अदाललते बिहीबार दोषी ठहर गरेको हो ।

### सन्दीपलाई...

कार्यालयसँग अनुमति माग्नुपने छ । इजलाशले लामिछाने भाग्न सक्ने अवस्था नभएको, पीडितलाई हानी पुऱ्याउन सक्ने अवस्था नभएको लगायतका कारणले धरौटीमा छाड्न आदेश दिएको हो ।

धरौटीमै छाड्न आदेश दिएपनि लामिछाने फेरि पनि थुनामा जान सक्ने अवस्था भने छ । उनले अदालतको आदेशको उल्लंघन गरेको अवस्थामा पुनः थुनामा नै पठाइने छ । पीडितसँग सम्पर्क गर्न पनि उनले पाउने छैनन् । गरेको पाइएमा वा अरू आदेश उल्लंघन गरेमा पुनः थुनामा जानेछन् ।

जिल्ला अदालत काठमाडौंले सन्दीपलाई थुनामै राखेर कारबाही गराउन आदेश गरेपनि सोविरुद्ध उनले उच्च अदालत पाटनमा निवेदन दिएका थिए । उनलाई गएको कात्तिक १८ मा थुनामा पठाउन आदेश दिइएको थियो । अदालतको आदेशपछि सञ्चारकर्मीसँग कुरा गर्दै अधिवक्ता रोजकृष्ण घिमिरेले अदालतले २० लाख धरौटीमा छोड्न आदेश दिएको र शुक्रवार धरौटी राखेर निस्किने बताए । उनले भने, '२० लाख धरौटीमा छोड्ने आदेश दिएको छ । भोलि हामी धरौटी राखेर निकाल्छौं ।'

प्रहरीले गत असोज २० गते त्रिभुवन विमानस्थलबाट लामिछानेलाई नियन्त्रणमा लिएको थियो । सन्दीपलाई भदौ ५ गते काठमाडौंको एक होटलमा नाबालिगमाथि बलात्कार गरेको आरोप लागेपछि पक्राउ गरिएको थियो ।

काठमाडौंको होटल इनमा भदौ ५ गते राति आफूलाई पटक पटक बलात्कार गरेको एक किशोरीको उजुरीपछि विदेशमा रहेका सन्दीपलाई पक्राउ गर्नको लागि 'डिफ्युजन नोटिस' जारी गरिएको थियो ।

क्यारेबियन प्रिमियर लिग खेल्न जमैका पुगेका सन्दीपविरुद्ध काठमाडौंमा उजुरी परेको थियो । प्रहरीले प्रमाणका रुपमा होटलको सीसीटीभी फुटेज, पीडितको बयान, स्वास्थ्य परीक्षण, होटलका कर्मचारीके बयानलाई पनि समेटेको थियो ।

### संघमा...

पनि उम्मेदवार को बन्ने भन्ने हानाथाप छ । एशोसिएसनमा प्रथम उपाध्यक्ष पदमा संघका पूर्व तृतीय उपाध्यक्ष किशोर कुमार केसी, एशोसिएसनका महासचिव कमल काफ्ले र एशोसिएसनका पूर्वउपाध्यक्ष जनक खड्का प्रकाश, द्वितीय उपाध्यक्ष पदमा जङ्गबहादुर इजम, पंकजकुमार मिश्र, केशव न्यौपाने, मोहन कुमार ढुंगेल, रवीन मेगाले मगर तथा तृतीय उपाध्यक्ष पदमा सन्जय पनेरु, महम्मद जवार दिन, अमिर बास्तोला, तुल्सी पुरी र दिनेशकुमार रायको दाबी परेको छ ।

महासचिव पदमा भवानी निरौला, मेघनाथ भुर्तेल, लक्ष्मण पौडेल र अमर प्रकाश तिवारी, सचिव पदमा कर्णराज कटुवाल, विक्रम श्रेष्ठ, नगेन्द्रप्रसाद पोखेल, हर्क लिम्बू, कुबेर सिंह कोइराला र प्रकाश बोहोरा तथा कोषध्यक्ष पदमा हिरादेवी बुढाथोकी र हिमा गुरुङको दाबी परेको छ ।

दश जना सदस्य पदमा चन्द्र बहादुर लिम्बू, कैलास पाठक, चन्द्र कमल श्रेष्ठ, नारायण भुसाल, तोरन कुमार कार्की, सुनिता कर्माचार्य गरी सात जनाको मात्रै दाबी परेको छ ।

### राहदानी...

वा डिजिटल हस्ताक्षर गरेकाहरुको मोबाइल फारम रिजेक्ट भन्दै म्यासेज आएको नुवाकोटका नवीन केसीले बताए ।

विभागको सर्भरको मुख्य नियन्त्रक फ्रान्सको आइडिमिया हो । सर्भरमा समस्या आएपछि आइडिमियाका तर्फबाट काम गर्ने टेक्निसयनले समाधानको प्रयास गर्ने गरेका छन् ।

विभागले हाल ७७ जिल्ला प्रशासन र १७ इलाका प्रशासन कार्यालय गरी ९४ स्थानबाट राहदानी बाँड्ने गरेको छ । हाल दैनिक दुई हजार राहदानी वितरण गरी त्यति नै नयाँ फारम लिने गरेको छ । विभागमा नै मागअनुसारको राहदानी नछापिएपछि माग थपिँदै जाने सेवाग्राहीको भनाइ छ । विभागले केन्द्रबाट राहदानी बनाउने भन्दा जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासनबाट राहदानीका लागि फारम भर्नुपर्ने बताएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम दर्ता भएको **प्रा.लि. नं. २५५८१४** को **स्ट्रसस्टप नाउ प्रा.लि.**को मिति २०७९/०९/२५ गतेको विषेश साधारण सभा बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ को दफा बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३, ईमेल :** rokayasherbahadur723@gmail.com

**Malaysia मा रोजगार** | Company : SMART TASK SECURITY SDN BHD
City: Malaysia

पुर्व स्वीकृत मितिः २०७६/१०/०५ चलानी नं.: ६०१५०१८९ LT. No.: 231197 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 50 | 0 | स. काममा दक्ष | 1500 | ४४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ६ गते (20 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

DOS Link
**DOS LINK PVT. LTD.**
Govt .Lic No. 991/067/068
Samakhushi-29 Kathmandu, Tel : 4360929, 4360780, Fax: 4360780
Email-Doslink991@gmail.com Website-doslinkoverseas.com

**मलेसियामा रोजगार** | कम्पनी : Brandplus Precision Plastic Sdn.Bhd
शहर : Malaysia, Johor

पूर्व स्वीकृत मितिः २०७९/०६/०५ चलानी नं.: ६०१८८१६६ LT. No.: 270750 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 17 | 0 | स. काममा दक्ष | 1500 | ४४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ६ गते (20 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**इन्टरनेशनल ट्रेड लिङ्क नेपाल प्रा. लि.**
श्रम इजाजत नं. ७०६/०६४/०६५
बसुन्धरा चौकी, काठमाडौं, नेपाल, फोनः ४३९०६६९, ४३६३६९७
Email.: info@itlnepal.com, Web.: www.itlnepal.com

२७ वर्षको अनुभव

# १ सय ३५ जनालाई प्रत्यक्ष रोजगार

## वार्षिक ५० लाख आम्दानी

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, २८ पुस



संघर्ष र अथक मेहनत गर्न सके स्वदेशमै सुन फलाउन सकिन्छ भन्ने ज्वलन्त उदाहरण हुन् मोरङ ग्रामथान गाउँपालिका ७ का  यादव ढकाल । हिजोको दिनमा सामान्य जीवन व्यतित गर्ने ढकाल आज गाउँकै समृद्ध कृषक तथा सामाजिक अभियान्ताको नामले प्रसिद्ध छन् । बाल्यकालदेखि नै कृषिमा रहेर संघर्ष गर्दै आएका ढकाल अहिले आफ्नै फर्म स्थापना गरी १ सय ३० जनालाई प्रत्यक्ष, अप्रत्यक्ष रोजगार दिँदै आएका छन् ।

जयकपति कृषि फर्म प्रा.लि सञ्चालन गर्दै आएका ढकाल पछिल्लो समय गोठमा रहेका उन्नत जातका गाई पालनमा व्यस्त देखिएका छन् । २७ वर्ष अगाडिदेखि नै कृषि पेशामा आवद्ध रहेका ढकालको फर्ममा १ सय १५ वटा उन्नत जातका गाई र बाछाबाच्छि रहेका छन् । करिब ८ विगाहा जमिनमा चौपायाका लागि विभिन्न जातीका घाँसहरू पनि उत्पादन गर्दै आएका छन् । प्रदेश १ मा सबैभन्दा बढी दुध उत्पादन गर्ने कृषकहरूको सूचीमा उनी पहिलो नम्बरमा पर्छन् ।

दुध उत्पादनबाटै उनले वार्षिक ४० देखि ५० लाख सम्मको कारोबार गर्दै आएको ढकाल बताउँछन् ।

दुध उत्पादनमा उल्लेखनीय भूमिका निर्वाह गरेको र प्रदेश एककै सर्वोत्कृस्ट कृषकमा छनौट हुँदै ढकाल राष्ट्रपति विद्यादेवी भण्डारीबाट सम्मानित भइसकेका छन् । उनलाई प्रदेश सरकार लगायत विभिन्न कृषिसँग सम्बन्धित कार्यालयहरूले पनि उत्कृष्ट कृषकको सूचीमा राख्दै सम्मान गरिसकेको छ ।

यतिमात्र नभइ सिंगो गाउँपालिकामा रहेका कुल २४ हजार कृषकहरूको एक्लो लिडर बनिसकेका ढकाल एक कुशल नेतृत्वकर्ताको रूपमा पनि चिनिन्छन् । मोरङको ग्रमथान गाउँपालिकास्थित बनीगामा दुग्ध सहकारी संस्थामा ५ वर्ष प्रबन्धकको भूमिका निर्वाह गरिसकेका ढकाल तरहरास्थित कामधेनु दुग्ध विकास सहकारी संस्थामा २ कार्यकाल सञ्चालक समिति सदस्य भइसकेका छन् ।

गाउँमा रहेका युवावर्गलाई विदेश जान नदिन र कृषिमा आवद्ध भए यहि सुन फलाउन सकिन्छ भन्दै उत्प्रेरणा जगाउँदै आएका छन् । उनको सकारात्मक सन्देशकै कारण गाउँका अधिकांश युवाहरू अहिले उनीसँगै कृषि पेसामा आवद्ध रहेका छन् । कसैले तरकारी केहिले माछा र केहिले पशुपालन गरेर आत्मनिर्भर बन्दै आएका छन् । कृषकहरूले ढकालकै सल्लाह अनुसार चौपाया पाल्न थालेपछि मोरङको ग्रमथान गाउँपालिकास्थित बनीगामा दुग्ध सहकारी संस्था अहिले दुध बिक्रि गर्न अन्य क्षेत्रको भर पर्नुपरेको छैन । गाउँबाटै पुग्ने दुध संस्थामा आउन थालेपछि अहिले छिमेकी गाउँपालिका तथा बाहिरबाट दुध खरिद गर्नुपर्ने र बिक्रि गर्नुपर्ने बाध्यताको अन्त्य भएको बनिगामा दुग्ध सहकारी संस्थाका सञ्चालक समिति सदस्य राधा प्रसाद तिल्मिसिनाले बताए । उक्त सहकारीमा ढकालको फर्मबाट मात्रै दैनिक २ सय ६० लिटर भन्दा बढी दुध आउने गरेको पनि सदस्य तिम्सिनाले बताए । यता कृषि पेशा अगाल्दै गर्दा पछिल्लो समय थुप्रै चूनौतीको सामना गर्नु परेको ढकाल बताउँछन् ।

बैंकले ब्याजदर बढाउनु, कृषकले भनेको समयमा माग गरेजति मल नपाउनु, बिचौलीया हाबी भैदिनु, पशुमा नश्ल सुधार नहुनु, भने जस्तो आहारा, दानाको अभाव देखिने इत्यादी कारणले कृषकले समस्या भोग्दै आउनुपरेको ढकाल बताउँछन् । तिनै तहको सरकारले यस विषयमा गम्भीर भएर सोच्नुपर्ने उनको तर्क छ ।

कामधेनु सहकारीको उम्मेद्वारी

आगामी पुस ३० गते हुन गइरहेको तरहरास्थित कामधेनु दुग्ध विकाश सहकारी संस्थाको २३ औं वार्षिक साधारणसभामा अध्यक्ष पदका लागि यादव ढकालले पनि उम्मेद्वारी दिएका छन् । कृषकहरुको मुलभूत समस्याहरुलाई नजिकबाट नियालिसकेका ढकालले ५ वटा एजेण्डा बोकेर मैदानमा निस्किएका छन् । कृषि क्षेत्रमा विचौलीयाहरुको अन्त्य गर्ने, कृषकहरुको साथमा रहेर प्रत्यक्ष मर्का तथा चुनौतीहरु सुन्ने र तत्काल सामधानतर्फ लाग्ने, पशुपालक कृषकहरुलाई बैंक ब्याजदर न्यूनिकरणका लागि सम्बन्धित बैंकहरुलाई सहजीकरण गर्ने, पशुमा नश्ल सुधारका अभियानहरु ल्याउने र कृषकहरुलाई सचेतनामूलक कार्यक्रमहरु गर्ने जस्ता मुख्य एजेण्डा बोकेर ढकाल अगाडि बढेका छन् । प्रदेश एकलाई दुध उत्पादनमा आत्मर्निभर बनाइ कृषकहरुलाई विभिन्न अनुदानका कार्यक्रमहरु ल्याइने पनि उनको योजना छ ।

# स्ववियु निर्वाचनको पूर्वतयारीमा लाग्न त्रिविको निर्देशन



**काठमाडौं/मस**–त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को निर्वाचन गर्न आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसलाई निर्देशन दिएको छ ।

त्रिवि रजिस्ट्रारको कार्यालय सूचना तथा जनसम्पर्क महाशाखाका प्रमुख योगेन्द्रप्रसाद दाहालले आज एक सूचना प्रकाशित गरी आगामी चैत ५ गते हुने स्ववियु निर्वाचनको पूर्वतयारीमा जुट्न आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसलाई निर्देशन दिए ।

महाशाखा प्रमुख दाहालले गत पुस २२ को त्रिवि कार्यकारी परिषद्को बैठकको निर्णय नं १७६५ अनुसार पूर्वतयारी गर्न गराउन सम्पूर्ण आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसलाई निर्देशन दिइएको जानकारी दिए । विसं २०७३ चैत १५ गते केही आङ्गिक क्याम्पसमा मात्र निर्वाचन भए पनि अन्य क्याम्पसमा विसं २०६५ देखि अहिलेसम्म स्ववियु निर्वाचन हुन सकेको थिएन ।

# सडक भत्काउने निकायलाई पन्ध्र दिनभित्र मर्मत गर्न निर्देशन

**काठमाडौं/मस**–उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले काठमाडौं उपत्यकामा हाल खराब अवस्थामा रहेको सडक जुन निकायले बिगारेको हो उसैले १५ दिनभित्र मर्मत गरिसक्न निर्देशन दिएका छन् ।

उपप्रधानमन्त्री श्रेष्ठले मन्त्रालयमा बिहीबार नेपाल विद्युत् प्राधिकरण, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, नेपाल दूरसञ्चार संस्थान, मेलम्ची खानेपानी विकास समितिलगायत सेवा प्रदायक संस्थाका प्रमुख र प्रतिनिधिसँगको बैठकमा तत्कालको समस्या समाधान गरेर भविष्यमा समस्या दोहोरिन नदिन मिलेर लाग्न पनि भनेका छन् ।

उनले कुनै पनि निकायले काम गर्दा सडक भत्केमा सडक विभागको गुणस्तर अनुसार आफैंले मर्मत गर्नुपर्ने बताए ।

उपप्रधानमन्त्री श्रेष्ठले उपत्यकाको सडक राम्रो बनाउन र नागरिकलाई सजिलो बनाउन एकले अर्कोलाई दोष दिनुभन्दा मिलेर काम गर्नुपर्नेमा जोड दिए । सबै निकायले एकीकृतरुपमा योजना बनाएर पूर्ण गतिमा काम गर्न लाग्नुपर्ने उनले बताए । उपत्यकाका सडकमा संरचना रहेका सबै निकायका प्रतिनिधिको बैठक महिनामा दुई पटक बस्न पनि उपप्रधानमन्त्री श्रेष्ठले निर्देशन दिए । प्रत्येक महिनाको दोस्रो शुक्रबार र अन्तिम शुक्रबार २ बजे बैठक बस्ने तय भएको र पहिलो बैठक सडक विभागमा बस्ने निर्णय भएको छ । उपत्यकाका सडकमा रहेका खाल्डाखुल्डी स्थलगत अवलोकनका लागि सबै सरोकारवाला निकायका प्रतिनिधि शुक्रबार भैँसेपाटी जम्मा भएर विभिन्न स्थानमा पुग्ने भएका छन् ।

## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०९/२९**

**हेलीकन सफ्ट प्यालेस प्रा.लि.** को मिति २०६९/०८/१४ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एडनेट सोलुसन प्रा.लि. (प्रा.लि.नं.: ८८६४६)** साथै साविक ठेगाना परिवर्तन गरि **काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ६, सरस्वतीनगर चावहिल** कायम गर्ने गरी मिति २०६९/०८/२२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## वृहश्पति विद्यासदनको विद्यालय भवनको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशन मिति : २०७९/०९ /२९)**

वाग्मती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिकामा वृहश्पति व्यवस्थापन प्रा. लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम, ठेगाना** | वृहश्पति व्यवस्थापन प्रा. लि.<br>इमेलः info@bvs.edu.np<br>फोन नं : ०१-४५१८०३० |
| **प्रस्तावको व्यहोरा** | जग्गाको कूल क्षेत्रफल १४४०५.७ वर्ग मि. मा विद्यालय भवनको कुल भुई क्षेत्रफल १२३४७ वर्ग मि. मा ११ तल्लाको ४८.३ मिटर उचाई भएको भवन जसमा कम्प्युर ल्याव, पुस्तकालय, सभाहल, अन्डर ग्राउन्ड पार्किङ्ग सहित सुविधासम्पन्न कक्षा कोठा भएको विद्यालय भवन निर्माण तथा संचालन |
| **प्रस्तावले प्रभाव पार्ने जिल्ला र पालिका** | काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं १, नक्साल |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याइन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको पालिका, वडा तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| **प्रस्तावकको नाम, ठेगाना** | वृहश्पति व्यवस्थापन प्रा. लि.<br>इमेलः info@bvs.edu.np<br>फोन नं : ०१- ४५१८०३० |
| **परामर्शदाताको नाम, ठेगाना** | इनभारोमेन्टल इन्जिनियरिङ कन्सल्टयान्टसी प्रा. लि.<br>सामाखुसी, काठमाण्डौ<br>फोन नं.: ९८६३५५०३७२<br>इमेलः letters2suren@gmail.com |


## मलेसिया र कुवेतमा रोजगार | कम्पनीः OCTOPUS LEXUE MEDIA SDN BHD शहरः KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०७९/०८/०७ चलानी नं.: ६०१६८१६४ LT. No.: 276183 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 18 | 0 | स. काममा दक्ष | 1500 | ४४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः TARKEEB AND DECO FOR DECORATION MATERIALS AND CONTRACTING COMPANY शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०७८/०८/०२ चलानी नं.: ६०१९१८४५ LT. No.: 250846 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CNC Boring Operator | 1 | 0 | स. काममा दक्ष | 140 | ५९,७६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cutting Machine Operator | 1 | 0 | | 140 | ५९,७६६ | | | | | | | |
| 3. | Edgebanding Operator | 1 | 0 | | 140 | ५९,७६६ | | | | | | | |
| 4. | Factory Helper | 3 | 0 | | 110 | ४६,९५९ | | | | | | | |
| 5. | Kitchen & Wardrobe Sales And Designer | 1 | 0 | | 250 | १०६,७२५ | | | | | | | |
| 6. | Light Driver | 1 | 0 | | 180 | ७६,८४२ | | | | | | | |
| 7. | Modern Furniture Carpenter | 7 | 0 | | 140 | ५९,७६६ | | | | | | | |
| 8. | Office Assistant | 0 | 1 | | 140 | ५९,७६६ | | | | | | | |
| 9. | Secretary / Admin | 0 | 1 | | 175 | ७४,७०७ | | | | | | | |
| 10. | Spray Painter | 2 | 0 | | 140 | ५९,७६६ | | | | | | | |
| 11. | Tea Boy | 1 | 0 | | 110 | ४६,९५९ | | | | | | | |
| 12. | Wooden Factory Production Supervisor | 1 | 0 | | 250 | १०६,७२५ | | | | | | | |
| 13. | Wooden Factory Production Coordinator | 1 | 0 | | 200 | ८५,३८० | | | | | | | |
| 14. | Wooden Factory Production Manager | 1 | 0 | | 350 | १४९,४१५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ६ गते (20 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Govt. Lic. No. 1423/074/075
**Confident International Manpower Pvt. Ltd.**
Sinamangal-09, Kathmandu, Tel: 4104167, 4104027
E-mail: info@confidentmanpower.com, Web.: confidentmanpower.com



## मलेसियामा रोजगार | कम्पनी : Southern Concrete sdn bhd शहरः Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०४/२५ चलानी नं.: ६०१८५१३१ LT. No.: 269186 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory worker | 32 | 0 | स. काममा दक्ष | 1500 | ४४,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : CAMERONIA FRESH शहरः Malaysia,PAHANG
पूर्व स्वीकृत मितिः २०७९/०१/१२ चलानी नं.: ६०१७८५२२ LT. No.: 262287 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Harvest Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ३५,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

३. कम्पनी : TRIPLE ONE GENERAL SECURITY GUARD SERVICES EST शहरः Dubai
पूर्व स्वीकृत मितिः २०७९/०९/२८ चलानी नं.: ६०१९४९५५ LT. No.: 279456

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 15 | 0 | स. काममा दक्ष | 1200 | ४२,५५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ६ गते (20 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158



## मलेसियामा रोजगार | कम्पनी : SIN SOO HUP शहर:Malaysia,PULAU PINANG

पूर्व स्वीकृत मितिः २०७९/०९/२८ चलानी नं.:६०१९४९४१ L.T. No.: 279297

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelf Fillers | 2 | 0 | स. काममा दक्ष | 1500 | ४४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : HOCK LOK SIEW BISCUIT TRADING शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०९/२८ चलानी नं.:६०१९४९४० L.T. No.: 279369

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelf Fillers | 3 | 0 | स. काममा दक्ष | 1500 | ४४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ माघ ६ गते (20 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**मिथिला मेनपावर सर्भिसेस् प्रा. लि.**
श्रम इजाजत नं. ९२०/०६७/०६८
कालिमाटीडोल, एयरपोर्ट (मेनपावर बजार) काठमाडौं, Website: mtlgroup.com.np
फोनः ४४९११०४, फ्याक्सः ४४९४९८६, Email: mithila.menpower@gmail.com
९८०१०२९३८९, ९८०१०२९३७३, ९८०२०७६३३६, ९८४१३१६३१५, ९८०१०२९३७१



## कुवेतमा रोजगारको अवसर | कम्पनीः ALNESEF UNITE CONTRACTING COMPANY शहरः Kuwait

पूर्व स्वीकृत मितिः २०७९/०९/२८ चलानी नं.: ६०१९४९४९ LT. No.: 279434

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steel Fixer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५१,२२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Shuttering Carpenter | 5 | 0 | | 120 | ५१,२२८ | | | | | | | |
| 3. | Construction Labor | 15 | 0 | | 100 | ४२,६९० | | | | | | | |

२. कम्पनीः WAHO COMPANY FOR DELIVERY OF CONSUMER ORDERS AND OTHERS शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०७९/०९/२८ चलानी नं.: ६०१९४९५३ LT. No.: 279435

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bike Rider | 30 | 0 | स. काममा दक्ष | 135 | ५७,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता : मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ६ गते (20 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

License No.: 1542/ 078/079
**LOGIN INTERNATIONAL OVERSEAS RECRUITMENT PVT.LTD.**
**( साविक GLOBAL SAPANA OVERSEAS PVT. LTD.)**
Tel: +977-1-5911074/75, Basundhara-3, Kathmandu, E-mail:- loginoverseasrecruitement@gmail.com, Hotline No: 9823815921



## मलेसियामा रोजगार | कम्पनीः JMK TRADING SDN.BHD शहरः Malaysia, Penang

पूर्व स्वीकृत मितिः २०७९/०४/३१ चलानी नं.: ६०१८५५७१ LT. No.: 269635 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 7 | 0 | स. काममा दक्ष | 1500 | ४४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ६ गते (20 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Frontline Recruitment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com



## कतारमा रोजगार | कम्पनी : Middle East Reinforcement Co WLL शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७९/०२/०९ चलानी नं.: ६०१७९७२३ LT. No.: 263304 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1400 | ५०,०५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २५ गते (9 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**प्रुडेन्सियल ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ८००/०६५/०६६
तिनकुने, काठमाडौं, नेपाल, Tel:- 01-5104525
Mob.: 9802002035, 9802002016



## साउदीमा रोजगार | कम्पनी : HABIB MOHAMMED AL BANNAI TRADING ESTS शहरः Saudi Arabia,Al-Ahsa

पूर्व स्वीकृत मितिः २०७९/०९/२८ चलानी नं.: ६०१९४९४६ LT. No.: 279463

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Upload & Download Operator | 2 | 0 | स. काममा दक्ष | 1800 | ६२,५८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ६ गते (20 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Money Home Overseas Pvt. Ltd.**
Govt. Lic. No. 863/066/067
Post Box. No.: 12937, Gangabu-7, Ktm, Nepal (Opposite of Police Training Center)
Tel.: 4984683, 4985068, 4956752
Email: moneyhomeoverseas2009@gmail.com, info@moneyhomeoverseas.com.np | Website: www.moneyhomeoverseas.com.np

मध्यान्ह
www.madhyanhadaily.com
२९ पुस २०७९, शुक्रबार
13 January 2023, Friday

## सम्पादकीय

# इतिहास बिर्सेको कांग्रेस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई अविश्वासको मत दिने अविश्वासनीय निर्णय गरेको नेपाली कांग्रेसले फेरि सत्ताको खेल शुरू गरेको छ । बिहीबार सभापति शेरबहादुर देउवाको आफ्नै निवास धुम्बाराहीमा बसेको पदाधिकारी बैठकले सभामुख र उपसभामुखको निर्वाचनबारे प्रधानमन्त्रीसँग सम्वाद गर्ने निर्णय गरेको छ । सम्वाद गर्ने अधिकार भने सभापति देउवालाई दिइएको छ । सभापति देउवाको चाहना पनि प्रधानमन्त्रीसँग सम्वाद गर्ने निर्णय लिनु नै थियो । किनकि प्रधानमन्त्रीमा विश्वासको मत दिने निर्णय एक्लै लिएका सभापति देउवाले सम्वादका निम्ति चाहिँ पार्टीको बैठक बोलाए । विश्वासको मत नै दिइसकेका प्रधानमन्त्रीसँग सम्वाद गर्न नदिने अडान कांग्रेसका बाँकी पदाधिकारीले लिने कुरै भएन । अझ वरिष्ठ नेता रामचन्द्र पौडेलले सभापति देउवालाई बलियो साथ दिदै आएका छन् । पदाधिकारीमा पनि देउवाको प्रष्ट बहुमत छ । तसर्थ कांग्रेसमा देउवाले चाहेअनुसार निर्णय हुनु स्वभाविक हो ।

तर सभापति देउवाको निर्णयले राष्ट्रिय राजनीतिमा भने गम्भीर प्रश्न उठेको छ । नेकपा एमालेको समर्थनमा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड प्रधानमन्त्री भएपछि कांग्रेस प्रमुख प्रतिपक्षी दल बनेको थियो । तर प्रतिपक्षी भूमिकामा नरहेर कांग्रेसले प्रचण्डलाई विश्वासको मत दियो । कांग्रेसले समेत मत दिइरहँदा बाँकी दलहरूले पनि मत दिए । सत्तारूढ सात दलको मत प्रचण्डले पाउने नै भए । विपक्षीमा भने नेपाल मजदुर किसान पार्टी (नेमकिपा) र राष्ट्रिय जनमोर्चा मात्रै उभिएको छ । यसले पुरै संसद सत्तारूढ बन्न पुगेको छ । यसरी प्रमुख प्रतिपक्षमा कांग्रेस नउभिनुको अन्तर्य भने बिहीबार बसेको पदाधिकारी बैठकबाट प्रष्ट भएको छ ।

त्यसैदिन विराटनगर पुगेका डा.शेखर कोइरालाले अझ प्रधानमन्त्रीलाई विश्वासको मत दिनुको कारण सार्वजनिक रूपमै भनिदिए । कांग्रेसले प्रधानमन्त्रीलाई विश्वासको मत दिनुमा राष्ट्रपतिको चाहना रहेको कोइरालाले बताएका छन् । तर कांग्रेसले भने सभामुखको चुनावबारे सम्वाद गर्ने भनेर निर्णय गरेको छ । यसले कांग्रेसमा सत्ताको भोंक प्रष्ट पारेको छ । अब विश्वासको मतको बदलामा राज्यसत्ता सञ्चालनको पद भागबण्डामा पाउँछ वा पाउँदैन भन्ने दोस्रो कुरा हो । मुख्यकुरा संवैधानिक व्यवस्था, संसदीय पद्दति र राजनीतिक प्रणाली बिथोलिन पुगेको छ । सँगै, कांग्रेसले भने आफ्नै इतिहास बिर्सन पुगेको छ । लोकतन्त्र र राजनीतिक प्रणालीका निम्ति राणा, राजा र पञ्चायतसँग लडेको कांग्रेससँग अब केही समय विपक्षमा बस्ने धैर्यता समेत बाँकी नरहेको अनुमानलाई बल पुगेको छ । जुन मुलुककै निम्ति पनि सुखद् लक्षण होइन ।

# बहसमा कम्युनिष्ट एकता

*नेपालको राष्ट्रिय राजनीति यति छिन्नभिन्न भयो कि अब क्रान्तिकारीहरुले बृहत् कम्युनिष्ट एकताका लागि पहल नगरी सुख्खै छैन । यदि समयमै पहल हुन सकेन भने एकातिर कम्युनिष्टहरू बाँकी रहने छैनन् भने अर्कोतिर राजनीतिमै पनि ठूलो बिचलन देखिने छ ।*

अग्रलेख



● डा. केशव देवकोटा

कम्युनिष्ट पार्टीहरुको अन्तर्राष्ट्रिय मान्यता नै हो कि ठोस परिस्थितिको ठोस विश्लेषण गरेर कदम चल्ने । तर, नेपालका कम्युनिष्टहरुमा विविध कारणले गर्दा ठोस परिस्थितिको विश्लेषण नै हुन सकेको छैन । त्यसैले ठोस विश्लेषण हुन नसकेको र सही कदम चालिन नसकेको हो । जसका लागि नेपालमा कम्युनिष्ट पार्टी र शक्तिहरुका बीचमा तत्काल बृहत् बहसको आवश्यकता रहेको छ । जसका लागि कुनै न कुनै पार्टीले पहल लिनु आवश्यक देखिन्छ । नेपालका कम्युनिष्ट पार्टीहरुको विभाजनमा विचारभन्दा पनि पूर्वाग्रह बढी जिम्मेवार देखिएको छ । हेर्दा सबै कम्युनिष्ट पार्टी भए पनि उनीहरुका बीचमा भिन्नताहरु रहेका हुन्छन् । जसको गहिराइमा पुगेर चिरफार र औषधी नगरेसम्म यो फुटको रोगको राम्रो उपचार हुन सक्दैन । दलहरुले आपसमा के-के भिन्नता र के-के समानताहरु रहेका छन् तिनको पहिचान गर्न आवश्यक छ । समानताहरुबाट एकताको सिर्जना गर्दै असमानताहरुलाई हटाउने प्रयास गर्नुपर्दछ ।

कम्युनिष्ट पार्टीको मार्गदर्शक सिद्धान्त भनेकै मार्क्सवाद र लेनिनवाद हो । कम्युनिष्ट पार्टीभित्र माओवाद र विचारधाराका बारेमा बहस भइरहेको छ । कम्युनिष्ट राजनीतिलाई सफल बनाउने मूल शक्ति भनेको पार्टी संगठन हो । जसलाई खास विचारधाराले निर्देश गरेको हुन्छ । कम्युनिष्ट पार्टीको संगठन गर्ने, सञ्चालन गर्ने र छलफल गर्नेलगायतका आफ्नै खालका पद्धतिहरु रहेका हुन्छन् । अन्तर्राष्ट्रिय मान्यताअनुसार एकजना कम्युनिष्ट अन्तर्राष्ट्रियवादी हुनुका साथै देशभक्त हुनैपर्दछ । यदि नेपालमा क्रान्ति हुनु छ भने क्रान्तिकारी पार्टी हुनै पर्दछ । जुन पार्टी क्रान्तिकारी पद्धतिअनुसार चलेको पनि हुनुपर्दछ । त्यसरी बनेको पार्टी बिना विश्व साम्राज्यवाद र तिनका दलालहरुलाई पराजित गर्न सम्भव हुँदैन ।

क्रान्तिकारी पद्धतिबिना विशाल जनसमुदायलाई संगठित गर्न पनि असम्भव हुन्छ । माओले भन्नुभएको पनि छ 'मार्क्सवाद-लेनिनवादको सिद्धान्तबाट सुसज्जित, स्वआलोचनको पद्धतिलाई अंगालेको, जनसमूहसँग गाँसिएको अनुशासनबद्ध पार्टी बिना शत्रुहरुलाई हराउन असंभव छ ।' त्यसैले नेपालका कम्युनिष्ट पार्टीहरुले आफूलाई सुसज्जित र शक्तिशाली बनाउनका लागि आफ्नो पार्टीभित्र निरन्तर शुद्धिकरण आन्दोलन पनि सञ्चालन गर्दै पार्टीका विचार, मूल्य, मान्यता र आदर्शको पुनर्स्थापनामा ध्यान दिनैपर्दछ ।

खासगरी नेपालमा संसदवादी र क्रान्तिकारी दुईथरी कम्युनिष्ट पार्टीहरु रहेका छन् । संसदवादमा पतन भैसकेकाहरुले बेलाबखत नेपाली कांग्रेसलाई पनि वामपन्थी देख्छन् । तर, खासमा नेपाली कांग्रेस झन्-झन् घोर दक्षिणपन्थी बाटोमा गइरहेको छ । संसद्वादीका लागि राजनीति क्षणिक र व्यक्तिगत लाभ हो । तर, क्रान्तिकारीहरु राजनीतिलाई विचारको खेल ठान्दछन् । उनीहरुका लागि दीर्घकालीन र सामूहिक लाभ प्रमुख रहेको हुन्छ । कुनैबेला एमाले र माओवादी केन्द्रजस्ता पार्टीहरु पनि क्रान्तिकारी खेमामा रहेका थिए । त्यतिबेला उनीहरु देश र जनतालाई प्रमुख ठान्दथे । तर, मार्क्सवादी सिद्धान्तअनुसार आफूलाई परिचालन गर्न नसकेका कारण उनीहरु संसद्वादी बन्न पुगे । हाल उनीहरुको ध्यान स्वदेशतिरभन्दा विदेशतिर र देश र जनताको पक्षमाभन्दा आफ्नै व्यक्तिगत लाभको पक्षमा केन्द्रित रहन थालेको छ । त्यसैले उनीहरु नामले कम्युनिष्ट भए पनि विचार र व्यवहारले उनीहरु प्रतिक्रियावादी कित्तामा पुगिसकेका शक्तिहरु हुन् । जसले गर्दा क्रान्तिकारीहरुले संसद्वादी र



आफूहरुका बीचको भेदका बारेमा आफ्नो पार्टीका नेता तथा कार्यकर्ताहरुलाई शिक्षा दिनैपर्दछ र ब्यवहारमा पनि भेद गर्नै पर्दछ ।

खासमा क्रान्तिकारीका लागि उनीहरु आफैं प्रतिक्रियावादीभन्दा पनि खतरनाक शक्तिहरु हुन् । नेपालमा नामका आधारमा को वामपन्थी र को गैरवामपन्थी भनेर छुट्याउने चलन छ । हाल उनीहरुले समेत वाम एकताको नारा दिने गरेका छन् । उनीहरुले वाम एकता गर्ने भनेको संसदवादीहरुका बीचमा हो । उनीहरु क्रान्तिकारीको त नामै लिन चाहँदैनन् । क्रान्तिकारीहरुले पनि उनीहरुलाई नामका आधारमा वामशक्ति मान्ने हो भने त्यो भूल हुन जान्छ । संसदवादी राजनीतिमा व्यक्तिगत लाभ र सुख सुविधा रहेका कारण नेपालजस्तो गरिब मुलुकमा धेरैको आकर्षण त्यसतर्फ हुनसक्छ । क्रान्तिकारीहरुले आफू र संसदवादीहरुका बीचमा भेद नगर्ने हो भने आफ्नो विचार र सिद्धान्तअनुसार पार्टी संगठन गर्न निकै कठिन हुन्छ ।

नेपालका कम्युनिष्टहरु पूर्वाग्रही सोंचले ग्रसित रहेको पाइन्छ । त्यही पूर्वाग्रहकै कारण नेपालमा दर्जन बढी कम्युनिष्ट नामका पार्टीहरुको स्थापना हुन पुगेको हो । उदाहरणका लागि खासगरी चौथो महाधिवेशन कालमा नेकपा (चौम)ले पार्टीबाट कारवाही गरेर निष्काशन गरेकाहरुलाई तत्कालीन मालेले आफ्नो पार्टीमा संगठित गरेको थियो । हुन त आज पनि त्यो चलन छ । त्यसैले त्यतिबेला नेकपा (चौम) र तत्कालीन मालेकाबीचमा राम्रो समझदारी कायम हुन सकेको थिएन । गलत मान्छेलाई लिएर संगठन गरेका कारणले सो पार्टी क्रमशः एमाले हुँदै समयक्रममा दक्षिणपन्थी भाषमा फस्दै गयो । पछि क्रान्तिकारी मानिएकाहरु पनि पतन भएपछि त्यही एमालेसँग एक हुँदै गए । जहाँ गलत र सही राजनीतिका बीचमा भेद हुन छाड्यो । नेताहरुको व्यक्तिगत स्वार्थ मिले मित्रशक्ति, नमिले शत्रुशक्ति भन्न थालियो । यो स्वार्थ र पूर्वाग्रहको राजनीति हो । कम्युनिष्ट पार्टीमा मौलाएको यो अवस्थाले गर्दा कम्युनिष्टहरु आज एकत्रित हुने अवस्था छैन ।

मंसिर ४ मा सम्पन्न निर्वाचनसँगै मुलुकको शक्ति समीकरणमा निकै ठूलो फेरदबल आयो । शक्ति समीकरणमा फेरबदल आउँदा सत्ता समीकरणमा पनि फेरियो । विगतमा सत्ता निर्माण गरेको गठबन्धन विभाजित भयो । आज एमालेलगायतका दलहरुको समर्थनमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा नयाँ सरकार बनेको छ । आज मुलुकको राजनीति २०७४ कै वरिपरि देखिएको छ । ठूला वाम शक्ति सहकार्यमा हुँदै गर्दा अहिले वाम एकताको चर्को नारा राजनीतिमा देखिएको छ । यतिबेला संसदवादी कम्युनिष्ट पार्टीमध्ये एमालेबाट विभाजन भएर बनेको एकीकृत समाजवादीले कम्युनिष्ट समूहहरुसँगको एकतालाई प्रमुखता दिने प्रचार गरेको छ । सो पार्टीका हालै बसेका विभिन्न तहका बैठकहरुमा पनि तत्काल सरकारमा जानेभन्दा पनि कम्युनिष्टहरुका बीचमा एकताका लागि पहल गर्ने भन्ने कुरा उठेको थियो ।

एकीकृत समाजवादीले एकताका लागि जसपासँग को पहल अगाडि बढाइसकेको छ । एमालेसँग तत्काल नमिल्ने, माओवादी केन्द्रसँग मिल्न केही समय विचार गर्ने उसको नीति देखिन्छ । त्यसैगरी माओवादी केन्द्र र नेपाल समाजवादी पार्टीबीचको एकताले पनि अहिलेकै अवस्थामा प्रमुखता पाएको छ । यी घटनाक्रमले कम्युनिष्ट पार्टी र चुनाव चिन्हलाई गौण बनाउन थालिएको छ । रणनीति र कार्यनीतिका बारेमा पछि छलफल गर्दै जाने भन्न थालिएको छ । उता माओवादी केन्द्रका केही नेताहरुले भने एमालेसँग मिल्ने बचनबद्धता पनि व्यक्त गरेको चर्चा चलेको छ । नेपाली कांग्रेससँग आगामी १५ वर्ष मिल्न तयार रहेकाहरुले एमालेसँग मिल्नु के आश्चर्य भयो र ? भित्रभित्रै पार्टी एकताको तहसम्म जाने सहमति भएका कारण संसदको तेश्रो दल माओवादी केन्द्रका अध्यक्षको नेतृत्वमा नयाँ सरकार गठन हुन सम्भव भएको हो ।

एमालेको जगमा माओवादी केन्द्रका अध्यक्षले सरकार गठन गर्नु भएका कारण उक्त दुई पार्टीका बीचमा फेरि पार्टी एकता हुनु कुनै आश्चर्यको विषय होइन । एमालेका अध्यक्ष केपी ओलीले आफ्नो पार्टी 'विचारले कम्युनिष्ट होइन, पपुलिष्ट कम्युनिष्ट पार्टी हो' भनिसक्नु भएको छ । त्यसैले एमालेले पार्टीको नामबाट कम्युनिष्ट शब्द हटाउने सम्भावना कम छ । पहिलेनै माधव नेपाल नेतृत्वमा रहेका बेला एमालेको नाम परिवर्तन गरेर सामाजिक जनवादी पार्टी बनाउन खोजिएको थियो । आज पनि सो समूह सोही प्रयासमा रहेको छ । त्यतिबेलाबाटै सो पार्टीले औपचारिक रुपमानै माओ विचारधारा परित्याग गरेको हो । क्रान्तिकारी विचार राख्ने नेकपालगायतका विभिन्न घटकहरुले पनि पछिल्लो समयमा कम्युनिष्ट एकताको नारालाई प्रमुखता दिएका छन् । तर, पार्टी एकताका लागि खासै पहल गरिरहेका छैनन् । नेपालको राष्ट्रिय राजनीति यति छिन्नभिन्न भयो कि अब क्रान्तिकारीहरुले बृहत् कम्युनिष्ट एकताका लागि पहल नगरी सुख्खै छैन । यदि समयमै पहल हुन सकेन भने एकातिर कम्युनिष्टहरु बाँकी रहने छैनन् भने अर्कोतिर राजनीतिमै पनि ठूलो बिचलन देखिने छ । जसले समग्र मुलुकलाई समस्यातिर लैजान सक्छ ।

## सामाजिक सञ्जाल



**- राधाकृष्ण कटवाल**

प्रधानमन्त्री माओवादीको भयो, अब सभामुख एमालेको र राष्ट्रपति चाहिँ कांग्रेसको हुने पक्का रे नी त ! पार्टी र चुनाव चिन्ह पो फरक हो त, विचार, सिद्धान्त, लक्ष्य एउटै त हो नि सत्तामा पुग्ने ! सबै सत्तामा पुगेपछि लन्ठै साफ । मिडिया कराउँदै गर्छन्, जनता सुन्दै गर्छन्, नेता उडाउँदै ।



**- सेतेमान तामाङ**

सकारात्मकभन्दा बढी नकारात्मक सिक्ने, सही कार्यभन्दा बढी गलत कार्यमा प्रेरित हुने, सत्यभन्दा असत्यप्रति बढी विश्वास गर्ने, चिन्तनभन्दा बढी चिन्ता लिने, विचार सिद्धान्तप्रति केन्द्रितभन्दा बढी प्रचारबाजीमा लाग्ने, आफू सुध्रिनेभन्दा अरूलाई आलोचना, आक्रोश पोख्नु नै हाम्रो संस्कार भयो ।



**- मुमाराम खनाल**

आफै प्रधानमन्त्री बन्न नसके पनि नेपाली कांग्रेसलाई सरकारी पार्टी बनाउन 'सफल' भएका शेरबहादुर देउवा विपक्षी नेताको रूपमा 'संवैधानिक परिषद'को सदस्यमा अयोग्य ठहरिनेछन् । यदि उनी संवैधानिक परिषद्मा बसे भने संविधानको भाग-३२, धारा- २८४ बमोजिम अयोग्य हुनेछन् ।



**- भानुप्रसाद आचार्य**

राजनीतिको केन्□मा ओली गोली जस्तै उनको बोली मै हुँ भन्नेहरू पनि शब्दवाणले ठहरै ! के बोल्छन्, के गर्छन्, ठेगान छैन । अप्रत्यासित कदमको लगाम छैन् । दल वा बाहिरका हस्तीहरू सबै डराउने राजनीतिलाई आफ्नै सेरोफेरोमा नचाउने ! राम्रो नराम्रो आँफै जानुन् जनादेशलाई सर्वोपरी मानुन ।



**- मथुरा ढकाल**

नेपाली कांग्रेसले सरकारलाई समर्थन गरेपछि संसद प्रतिपक्षविहीन बनेको छ । सरकारमा जानु नजानुको कुनै अर्थ रहँदैन । सरकारलाई समर्थन गर्ने अनि फेरि प्रतिपक्षमा बस्छु भन्नू असंवैधानिक मात्र होइन, अनैतिक पनि हुन्छ । प्रमुख प्रतिपक्षका हैसियतले संवैधानिक परिषदको बैठकमा सहभागी हुन मिल्दैन ।

# जाडोमा हृदयाघातको जोखिम

स्वास्थ्य



● डा. ओममूर्ति अनिल

*चिसोले निम्त्याउने स्वास्थ्य समस्याहरूमा मुटुसम्बन्धी समस्या मुख्य रहेको छ । चिसोले रक्तनली र शरीरमा सिधा प्रभाव पार्दछ । चिसोका कारण शरीरमा उत्पन्न हुने रसायन वा हर्मोनहरूले मुटुको चाल वा धड्कन बढाउन मद्दत गर्ने हुँदा मुटुभित्रका नलीमा रक्त सञ्चार अवरूद्ध गर्ने र रगत जम्ने सम्भावना बढ्न जान्छ ।*

चिसो बढेसँगै जनजीवन नराम्ररी प्रभावित भएको छ । जाडो मौसममा विभिन्न प्रकारका रोगहरू लाग्ने गर्छन् । चिसोले निम्त्याउने स्वास्थ्य समस्याहरूमा मुटुसम्बन्धी समस्या मुख्य रहेको छ । चिसोले रक्तनली र शरीरमा सिधा प्रभाव पार्दछ । चिसोका कारण शरीरमा उत्पन्न हुने रसायन वा हर्मोनहरूले मुटुको चाल वा धड्कन बढाउन मद्दत गर्ने हुँदा मुटुभित्रका नलीमा रक्त सञ्चार अवरुद्ध गर्ने र रगत जम्ने सम्भावना बढ्न जान्छ । गर्मीको तुलनामा जाडो मौसममा मानिसमा मुटुरोगसम्बन्धी जोखिम बढी रहने गर्दछ । यस्तो अवस्थामा बिरामी र वृद्धहरूलाई हृदयाघात हुने सम्भावना बढी हुने गर्दछ ।

रक्तचापको नियन्त्रण नगरेमा हृदयाघातको खतरा दुई गुणा बढी हुन्छ । मधुमेहले पनि हृदयाघातको जोखिमलाई दुईदेखि तीन गुना बढाउँछ । लामो समयसम्म मधुमेह भएको व्यक्तिलाई यसको खतरा झन् बढी हुन्छ । मधुमेहका रोगीमा रक्तचाप र कोलस्ट्रोलको राम्रो नियन्त्रण नभएमा हृदयाघातको खतरा झन् बढी हुन्छ । संसारभरि नै हेर्ने हो भने सबैभन्दा बढी मानिसको मृत्यु मुटु र रक्तनलीसम्बन्धी रोगहरूले हुने गर्छ । हृदयाघात र मस्तिष्कघात नै मुटु र रक्तनलीसम्बन्धी प्रमुख रोगहरू हुन् । हृदयाघातपछि सबैभन्दा बढी मानिसको मृत्यु मस्तिस्कघातले हुने गर्दछ ।

गर्मीको तुलनामा जाडो मौसममा मानिसमा मुटुरोगसम्बन्धी जोखिममा बढी हुने हुँदा संसारभर नै चिसोको बेला मुटुका रोगीको संख्या बढ्ने गर्दछ । मुटुको रोगको जटिलता बढ्दा मृत्युको संख्या पनि बढ्न जाने अनुसन्धानबाट पुष्टि भएको छ । चिसोको समयमा हृदयाघातमात्र होइन, मस्तिष्कघात पनि बढी हुने गर्दछ । चिसोमा रक्तसञ्चार प्रणालीमा बढी समस्या आउने गर्दछ । यसले गर्दा व्यक्तिको उच्च रक्तचाप बढ्ने, रक्त प्रवाहमा गडबडी गर्दछ । जसले गर्दा मुटुमा रक्तसञ्चार कमी हुन्छ । छाती दुख्ने, मुटु ढुकढुक हुने हुन्छ भने कतिपयलाई हृदयाघात पनि हुन्छ । जाडोमा कोलस्ट्रोलको मात्रा पनि बढी हुन्छ ।

जाडो मौसममा चिसोका कारणले हाम्रो शरीरमा विभिन्न रसायन वा हार्मोनहरू बढ्न जान्छ । शरीरमा उत्पन्न हुने हर्मोनहरू हुन् जसले मुटुको चाल वा धड्कन बढाउन मद्दत गर्छन् । ती हार्मोनहरूले हाम्रो रक्तनलीलाई साँघुरो बनाउँछ । चिसोका कारण मुटुभित्रका नलीमा रक्तसञ्चार अवरुद्ध गर्ने र रगत जम्ने सम्भावना बढाइदिन्छ । यसले गर्दा रगतको नशामा जम्ने हुन्छ । मुटुको रक्तनलीमा भयो भने हृदयाघात हुन्छ भने यदि मस्तिष्कको नलीमा भयो भने मस्तिष्कघात हुन्छ ।

यस्तै, वायु प्रदूषण, शारीरिक व्यायाममा कमी, मानसिक दबाब, खानपानमा खराबी र मौसमका कारण पनि ह्दयाघातको खतरा बढ्छ । जो व्यक्तिहरूको मुटु कमजोर हुन्छ, उनीहरूमा रोग लाग्ने सम्भावना बढी हुन्छ । मौसम खराब हुने कारण सबैभन्दा बढी समस्या श्वासप्रश्वासमा पर्छ । यसका साथै, फ्लु र निमोनियाजस्ता रोगहरू हुने सम्भावना जाडो मौसममा धेरै हुन्छ । यसैले जाडो मौसममा हाम्रो शरीर र मुटुलाई शरीरको तापमान सन्तुलनमा राख्न विशेष ध्यान दिनुपर्छ ।

### जोखिममा रहने वर्ग

उमेरले ६० नाघेका मानिसहरू मधुमेह वा दमका रोगी, अन्य रोग लागेका वा पहिल्यैदेखि मुटुसम्बन्धी समस्या भएका व्यक्तिहरू बढी जोखिममा पर्दछन् । मुटुसम्बन्धी समस्या भएका व्यक्तिहरूमा मुटुको अनियमित चाल, उच्च वा न्यून रक्तचाप, बाइपास सर्जरी गरेका वा मुटुको काम गर्ने शैलीमा समस्या भोगेका बिरामीहरूलाई लिन सकिन्छ ।

यस्ता जोखिम वर्गमा रहेका व्यक्तिले विशेष सतर्कता अपनाउनुपर्छ । मुटुको परिक्षण गर्नुपर्छ । चिसोमा हिँड्न भएन, चुरोट मदिरा सेवन गर्नु भएन । कुनै औषधि नियमित सेवन गरिरहेका व्यक्तिले अझ बढी सचेत भई औषधि नछुटाइ खानुपर्छ । जोखिममा रहेका व्यक्तिमा मुटुरोगी, दमका रोगी र अन्य दीर्घरोगी (मिर्गौला, कलेजो र मस्तिष्क)का बिरामी पर्दछन् ।

### बच्ने उपाय

मुटु बचाउन चिसोबाट बच्नु पहिलो र महत्वपूर्ण उपाय हो । सबै व्यक्तिले चिसोबाट बच्नु पर्छ । घरभित्र बस्दा र घर बाहिर जाँदा पनि न्यानो कपडा लगाउनुपर्छ । बिहानै अति चिसोमा गरिने हिँडडुल कम गर्ने वा बन्दै गर्नुपर्छ । चिसो समयमा उच्च रक्तचाप, मधुमेह र कोलस्ट्रोललाई राम्रो अवस्थामा राख्नुपर्छ । सामान्यतः ६० वर्षमाथिका व्यक्ति बढी जोखिममा रहेका हुन्छन् । उच्च कोलस्ट्रोलले हृदयाघातको खतरा तीन गुना बढाउँछ । कोलस्ट्रोलको मात्रा रगतमा जति धेरै हुन्छ, हृदयाघातको खतरा पनि त्यति नै बढी हुन्छ ।

चिसो समयमा प्रायः रक्तचाप, मधुमेह र कोलस्ट्रोलको मात्रा बढ्ने गर्छ । यतिबेला कतिपय बिरामीलाई औषधि परिवर्तन गर्नु हुनसक्छ । त्यसैले त्यस्ता रोगीहरूले समय-समयमा चिकित्सकसँग स्वास्थ्य परीक्षण गर्नुपर्छ । स्वास्थ्यसम्बन्धी कुनै पनि प्रकारको समस्या आएमा चिकित्सकको सल्लाह लिनुपर्छ । आफ्नो स्वास्थ्य अवस्थाका बारेमा जानकारी राख्नुपर्छ ।

स्वस्थ मुटुका लागि खानपानमा समेत विशेष ख्याल गर्नुपर्छ । चिसोको महिना धेरै चिल्लो कुरा खानु हुँदैन । चुरोट सेवन, मदिरा सेवन गर्नु हुँदैन । त्यस्तै बोसोयुक्त खाना बढी खाने गरिन्छ, जुन मुटुका रोगीहरूका लागि राम्रो होइन । विशेषगरी जाडो छल्न भन्दै बढ्ने चुरोट र मदिरापानमा नियन्त्रण गुमाउँदा धेरै मानिसहरूमा मुटुको जोखिम बढ्ने र कसै-कसैको यही बेला हृदयाघात भइ मृत्यु पनि हुने गर्दछन् । धुमपानले हृदयाघातको खतरा दुईदेखि चार गुणा बढाउँछ ।

जाडोमा व्यायाम पनि कमै गरिन्छ । यसले गर्दा थप जोखिम बढ्न जान्छ । योग, ध्यान, शारीरिक व्यायाम आदिलाई बढाउनुपर्छ । मोटोपन घटाउनुपर्छ । निद्रा पुग्ने गरी सुत्नुपर्छ । स्वास्थ्य व्यक्तिले पनि दैनिक व्यायाम, बिहानको हिँडाइ गर्न छाड्न हुँदैन । काठमाडौं उपत्यकामा साँझको समय बढी हावा चल्ने हुँदा यस्तो बेला हिँड्नु थप जोखिमपूर्ण हुनेछ ।

रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नै नदिनु बुद्धिमानी हुने भएकाले यसतर्फ सबै सचेत हुन आवश्यक छ । स्वस्थ आहार र व्यायामले नै शरीरका अङ्गहरूलाई स्वास्थ राख्न मद्दत गर्दछ । वनस्पतिहरूबाट प्राप्त हुने प्राकृतिक खानेकुराहरूलाई स्वस्थ आहार भनिन्छ । फलफूल र सागसब्जीमा भएको भिटामिन, मिनरल्स, फाइबर र अन्य पदार्थहरूले रक्तनली, मुटु र मस्तिष्कलाई स्वस्थ राख्छ । फलफूल र सागसब्जीमा पाइने भिटामिनहरूले हाम्रो रोग निरोधक क्षमतालाई बढाउँछ र संक्रमण हुनबाट बचाउँछ । त्यसैले बजारमा पाइने तयारी खानेकुरा, विलासी जीवनशैली र मानसिक तनावबाट मुक्त हुनु नै निरोगी र दीर्घजीवी बन्ने उपाय हो ।

*(वरिष्ठ मुटुरोग विशेषज्ञ डा. ओममूर्ति अनिलसँग राससले गरेको कुराकानीका आधार तयार गरिएको लेख ।)*

## तपाईको राशिफल

- **मेष** : जोखिम लिनु हुँदैन । दाम्पत्य जीवनमा समझदारी ढंगबाट अगाडि बढ्नेछ ।
- **वृष** : नाता गोतासित भेट हुनेछ । आयमा वृद्धि हुन्छ ।
- **मिथुन** : सामाजिक सहयोग बढ्नेछ । सन्तान सुख प्राप्त हुन्छ ।
- **कर्कट** : दैनिक जीवन सुखी रहनेछ । लेनदेनमा सावधानी राख्नुपर्छ ।
- **सिंह** : पारिवारिक खुशी प्राप्त हुनेछ । उन्नतिको मार्ग प्रशस्त हुन्छ ।
- **कन्या** : साहसी कार्यमा सफलता मिल्नेछ । पारिवारिक जीवन सुखी रहनेछ ।
- **तुला** : राजनीतिक कार्यमा लाभ प्राप्त हुनेछ । मनोबल उच्च रहनेछ ।
- **वृश्चिक** : पुराना कार्य सम्पन्न हुन्छन् । भवन निर्माण कार्यमा खर्च हुन्छ ।
- **धनु** : पारिवारिक सहयोगमा वृद्धि हुन्छ । शान्तिमा वृद्धि हुने योग छ ।
- **मकर** : धार्मिक कार्यमा रुचि बढ्नेछ । तर, व्यर्थको यात्रा र परेशानी पनि हुने देखिन्छ ।
- **कुम्भ** : आहारमा ध्यान दिनुपर्छ, भाग्यमा वृद्धि हुन्छ ।
- **मीन** : बाहिरी सहयोगमा कमी रहन्छ । कुनै पनि कार्यमा हतार नगर्नुस् ।



आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)
इन्टरनेशनल एस्ट्रोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com

# कलश बचत तथा ऋण सहकारीको अध्यक्षमा आचार्य चयन



**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, २८ पुस

कलश बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १३ औं वार्षिक साधारण सभा तथा अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले बुद्धिप्रसाद आचार्यको अध्यक्षतामा नौ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । समितिको उपाध्यक्षमा भरतप्रसाद तिमल्सिना, सचिव नेत्रप्रसाद आचार्य, कोषाध्यक्ष समुन्द्र आचार्य चयन भएका छन् ।

यस्तै, सदस्यहरुमा पदम तामाङ, शेषकुमारी सापकोटा, बबिता परियार, डोल्मो तामाङ चयन भएका छन् । अधिवेशनले लेखा समिति संयोजकमा यादव प्रसाद आचार्य, सदस्यहरुमा मुक्तिनाथ आचार्य र बिन्दा ढुंगाना चयन गरेको छ भने सल्लाहकार समितिमा संयोजक प्रताप सिंह तामाङ, भवनाथ आचार्य र रामजी थापा चयन गरेको छ ।

कार्यक्रममा बागमती प्रदेशका सांसद युवराज दुलाल शरदले निर्वाचनका बेला गरेका बाचाहरु पूरा गर्नका लागि कटिबद्ध रहेको बताउँदै सम्पूर्ण मतदातालाई धन्यवाद दिए । आफू जनताको साझा प्रतिनिधि रहेकाले सबैको समस्या समाधानका लागि नीतिगत प्रदेशसभामा आवाज उठाउने उनले बताए । विकास, कृषि, सिंचाइ लगायतका क्षेत्रमा साझा प्रतिनिधिको रुपमा काम गर्ने उनको भनाइ थियो । कार्यक्रममा उनले सहकारीको मर्म र भावना अनुसार काम गर्न र सहुलियतमा ऋण लिएर आर्थिक उन्नती गर्न आग्रह गरे ।

कार्यक्रमका गाउँपालिकाका अध्यक्ष झम्क नेपालले सहकारीले सहि नेतृत्वको आवश्यकता महसुस गरेको बताए । सरकारको ३ खम्बे अर्थ नीतिमा सहकारी पनि भएकाले 'गाउँगाउँमा सहकारी घरघरमा भकारी' भन्ने अवधारणालाई मूर्तरुप दिन उनले आग्रह गरे । गाउँपालिकामा २० करोड ४० लाखको ऋणको भारी बोकेर नीति तथा कार्यक्रम निर्माण गर्नु परेको उल्लेख गर्दै सोचेअनुसार बजेटको व्यवस्था गर्न नसकिएको बताए । विकास र समृद्धिको यात्रामा गाउँपालिका रहेकाले सहकारीको साथ र सहयोगले मात्र समृद्धि प्राप्त हुने उनको भनाइ थियो ।

कार्यक्रममा गाउँपालिकाकी उपप्रमुख शोभना तामाङले सहकारीलाई सफलताको शुभकामना व्यक्त गर्दै बचत गर्दै ऋण लिएर व्यवसाय गर्न आग्रह गरिन् । उनले ऋण लिएको रकम सहि सदुपयोग गर्नसमेत आग्रह गरिन् । साथै उनले सहकारीले नागरिकको जीवनस्तर उकास्न मद्दत पुग्ने विश्वास व्यक्त गरिन् ।

कार्यक्रममा गाउँपालिकाका प्रवक्ता एवं वडा नम्बर ५ का अध्यक्ष शशिनाथ आचार्य, वडा नम्बर ११ का अध्यक्ष रामजी माझी, वडा नम्बर ७ का अध्यक्ष रविन्द्र खाती, समाजसेवी एवं साहित्यकार जगन्नाथ आचार्यलगायले आ-आफ्नो भनाइ राखेका थिए । साधारण सभाको अवसरमा गत निर्वाचनमा निर्वाचित सहकारीको शेयर सदस्यहरुलाई सम्मान गरिएको थियो । सहकारीका अध्यक्ष प्रताप सिंह तामाङको अध्यक्षतामा भएको कार्यक्रम सहकारीका कार्यकारी अधिकृत बुद्धि प्रसाद आचार्यले सञ्चालन गरेका थिए । सहकारीको चालु आर्थिक वर्षमा कुल शेयर पूँजी ५४ लाख १५ हजार रहेको छ भने बचतमा २ करोड ४० लाख रहेको छ ।

## वारेसनामा बदर सम्बन्धी सूचना

प्रकाशित मिति : २०७९/०९/२९

मिति २०७८/११/१२/५ मा मोही धनी म लछन, लछवन भन्ने लक्ष्मण माझीको नाति, ढोलिया भन्ने ढुलाई माझीको छोरा जिल्ला सुनसरी दुहवी वडा नं. ३ बस्ने बर्ष ६२ को जियाराम चौधरी जाहेरवाला एवं मैनावती स्टिल इन्डस्ट्रिज प्रा.लि., देवेनारा ट्रेडिङ्ग कम्पनि प्रा.लि. र नन्द किशुन मुन्दडा विपक्षी/प्रत्यर्थी भएको मोहि नामसारी मुद्दा (०७६-RI-३३८९/०७६-RI-३३९०/०७६-RI-३३९१) हाल श्री सर्वोच्च अदालत, काठमाण्डौमा मुद्दा दोहोर्याई पाउँ भनी निवेदन परि कारवाही युक्त अवस्थामा रहेको उक्त मुद्दामा लक्ष्मण प्रसाद सुवेदीको नाती विष्णु प्रसाद सुवेदीको छोरा जि. झापा कोरोवारी १ भै हाल जि. सुनसरी इटहरी उप म.न.पा. वडा नं. १६ बस्ने (मौखिक रूपमा वडा नं. ९ समेत भन्ने गरेको) ना.प्र.नं. १०४२४ मिति २०५७/८/२० मा जिल्ला प्रशासन कार्यालय झापा, इ.प्र. शाखा दमकबाट नागरिकता लिएको वर्ष ३९ को नेत्र प्रसाद सुवेदीलाई हामी विचको अधिकृत वारेसनामामा उल्लेखित कार्य गर्न मुलुकी देवानी कार्यविधी संहिता २०७४ को दफा १३ को दफा १५३(१)(३) नं अनुसार अधिकृत वारेस नियुक्त गरेकोमा निजले समय अभावको कारण वारेस बस्न नसक्ने पटक पटक म मोही धनीलाई मौखिक जानकारी दिएको कारण आजको मितिवाट मेरो मुद्दा म आफै सकार गर्ने भएकोले मुलुकी देवानी कार्यविधी संहिता २०७४ को परिच्छेद १३ को दफा १५५(१)(ग) बमोजिम निज वारेसलाई दिएको अधिकृत वारेस र अधिकृत वारेस भई निजले गर्न पाउने गरी उल्लेखित सम्पुर्ण कार्यहरू बदर गरी अधिकृत वारेसको हैसियत अन्त्य भएको यसै सूचनावाट जानकारी गराउँदै आफ्नो मुद्दाको सकार आफै गर्ने गरी लिएको व्यहोरा संवन्धित सरकारी निकाय एव कार्यालय, सरोकारवाला एवं सर्वसाधारणमा जानकारीको लागि यो सूचना प्रकाशित गरेको छु ।

**जियाराम चौधरी, दुहवी-३, सुनसरी**

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कौशलटार शाखा, मध्यपुर थिमि नगरपालिका, भक्तपुर
सम्पर्क फोन: +९७७-०१६६३४७७३/६८०/७४८

## निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम श्री बखत बहादुर खत्रीकी नातिनी, दीप बहादुर खत्रीकी छोरी, बागमती प्रदेश भक्तपुर जिल्ला, मध्यपुर थिमि नगरपालिका वडा नं. ३ हाल मध्यपुर थिमि नगरपालिका वडा नं. ३ बस्ने ७५ वर्षकी श्रीमती ढल कुमारी पराजुलीको मिति २०७९/०८/१५ (ई.सं. ०१/१२/२०२२) मा मृत्यु भएकोले स्व. ढल कुमारी पराजुलीको छोरा हाल मध्यपुर थिमि नगरपालिका वडा नं. ३ बस्ने श्री रमेश पराजुलीले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको कौशलटार शाखा, मध्यपुर थिमि नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि



## कतारमा रोजगार | कम्पनी: QATAR OXYGEN COMPANY WLL
शहर: Qatar, DOHA

पूर्व स्वीकृत मिति: २०७८/०८/१७ चलानी नं.: ६०१६९४७१ LT. No.: 252839 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 8 | 0 | स. काममा दक्ष | 1500 | ५३,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ६ गते (20 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No. 1244/074/075
URS is a member of registrar of standards (holdings) Ltd.
ISO 9001:2015 Certified

**आरोही एच.आर. सोलुसन्स् प्रा.लि.**
Kathmandu Metropolitan- 3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com info@aarohihrsolutions.com
01- 4961807, 4962925 9802067941, 9801081902

## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: AL ZUMORUD TECHNICAL SERVICES शहर: AJMAN
पूर्व स्वीकृत मिति: २०७९/०८/१९ चलानी नं.: ६०१९२९३३ L.T. No.: 277342 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 48 | 0 | स. काममा दक्ष | 800 | २८,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : CLEANCO CLEANING SERVICES & BUILDING MAINTENANCE शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/०६/१४ चलानी नं.: ६०१८८६३७ L.T. No.: 273063 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 170 | सम्बन्धित काममा दक्ष | 900 | ३१,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaners | 150 | 0 | | 800 | २८,४४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०७९ माघ ६ गते (20 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AKP Gov. Lic. No. 712/064/065
**AIR KINGS PLACEMENT PVT. LTD.**
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196

## साउदीमा वैदेशिक रोजगार | कम्पनी: HADI TRANSPORTS CO.
शहर: KSA

पूर्व स्वीकृत मिति: २०७८/०५/११ चलानी नं.: ६०१६२०८२ L.T. No.: 243961 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६२,५८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ६ गते (20 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Amity Human Resource (P.) Ltd.**
Govt Lic. No. 595/062/063
P.O. Box: 12543, Basundhara, Kathmandu, Nepal, Tel: +977-1-5903488, 5903399, 9801034262
Fax: +977-1-4361742, Email: amityhr@outlook.com Website: www.amityhr.com

## साउदीमा रोजगार | कम्पनी : Forsan Foods and Consumer Products Co. Ltd
शहर: Saudi Arabia, Riyadh

पुर्व स्वीकृत मिति: २०७९/०३/१९ चलानी नं.: ६०१८२३७८ LT. No.: 266488 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging & Wrapping Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३४,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ माघ ६ गते (20 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. lic. No. 1155/073/74
**A.S. International Group Pvt. ltd.**
Samakhusi-26, Kathmandu, Nepal, Tel: 01-4020181/4020182
Email- asintldemand@gmail.com

## कतार, मलेशिया र साउदीमा वैदेशिक रोजगार

१. कम्पनी: Elegancia Facilities Management शहर: Qatar, Doha
पूर्व स्वीकृत मिति: २०७९/०७/१७ चलानी नं.: ६०१९०४३६ L.T. No.: 274797 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 66 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Technician | 100 | 0 | | 1100 | ३९,१२७ | | | | | | | |

२. कम्पनी: POLYPLAS SDN. BHD. शहर: PINANG
पूर्व स्वीकृत मिति: २०७९/०३/२० चलानी नं.: ६०१८२४५८ L.T. No.: 266591 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 2 | 0 | स. काममा दक्ष | 1500 | ४४,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: NAKHEEL ALDKA LTD. शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७९/०९/२८ चलानी नं.: ६०१९४९०३ L.T. No.: 279410

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fruit & Vegetable Packing Labour | 17 | 0 | स. काममा दक्ष | 1200 | ४१,६१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ६ गते (20 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ADVANCED MANAGEMENT CONSULTANTS "manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074/075
**एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.**
Samakhushi-26, Kathmandu, Nepal 01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np
Talk with AMC Representative 9801080183, 9801029663, 9801044493, 9801080059, 9801044492, 9817002440

## मलेसियामा रोजगार | १. कम्पनी: BERKELEY WORLDWIDE POWERTRAIN SDN BHD
शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७९/०७/२३ चलानी नं.: ६०१९०८१४ L.T. No.: 275075 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 8 | 0 | स. काममा दक्ष | 1500 | ४४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: BILLION FORTUNE SDN BHD शहर: Malaysia, Johor
पूर्व स्वीकृत मिति: २०७९/०६/२२ चलानी नं.: ६०१८८७०४ L.T. No.: 272550 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 4 | 0 | स. काममा दक्ष | 1500 | ४४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: GLOBAL TRON-PLC TECHNOLOGIES SDN BHD शहर: Malaysia, Perak
पूर्व स्वीकृत मिति: २०७९/०७/०३ चलानी नं.: ६०१८९८२० L.T. No.: 273375 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 5 | 0 | स. काममा दक्ष | 1500 | ४४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी: ULTIMA INTERNATIONAL SDN.BHD. शहर : Johor
पूर्व स्वीकृत मिति: २०७९/०४/२४ चलानी नं.: ६०१८५३५१ L.T. No.: 269359 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 6 | 0 | स. काममा दक्ष | 1500 | ४४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

५. कम्पनी: GOLDPAR PRECISION SDN.BHD शहर : Johor
पूर्व स्वीकृत मिति: २०७९/०९/२८ चलानी नं.: ६०१९४९१९ L.T. No.: 279347

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ माघ ६ गते (20 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

